हट्यो भारतीय फिल्ड अफिस

काठमाडौं । विराटनगरमा रहेको भारतीय फिल्ड कार्यालय भारतले हटाउने भएको छ । कोसीमा ५ भदौ २०६५ मा बाढी आएपछि पूर्वका व्यापारीलाई काठमाडौंस्थित भारतीय दुताबास धाउन समस्या भएको थियो । व्यापारीकै आग्रहमा भारतले विराटनगरमा व्यापारिक सहजीकरणका लागि फिल्ड कार्यालय राखेको थियो । कार्यालयको समयावधि दुई वर्षका लागि मात्र थियो । कार्यालय पहिले विराटनगरको बरगाछीमा थियो । त्यहाँ **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)

Greater Nepal Weekly साप्ताहिक

गोरे किन बोलेनन् ?

काठमाडौं । बहुचर्चित साढे ३३ किलो सुनकाण्डका प्रमुख अभियुक्त मानिएका चुडामणि उप्रेती 'गोरे' ले राजनीतिक तहका व्यक्तिहरुको संलग्नताका बारेमा केही पनि खुलाएका छैनन् । एसएसपी श्याम खत्रीलाई समातेमा सबै कुरा खुल्ने बताएर उनी पन्छिएका छन् । चार वर्षको अवधिमा झन्डै ३८ क्वीन्टल सुन नेपाल भित्रिएको तथ्य बाहिर आइसकेको छ । एकजना मोहन अग्रवालले मात्र यत्रो परिमाणमा सुन किन्न सक्दैनन् । सुनमा अरु ककसको लगानी थियो गोरेले केही भनेका छैनन् । **बाँकी ८ पेजमा**

वर्ष ७ अंक ६, २०७५ साल जेठ ११ गते शुक्रबार, नेपाल संवत् ११३८ (May. 25, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

दुई पार्टीको मात्र एकता : वाम एकता होइन

काठमाडौं । एमाले र माओवादी केन्द्रबीचको एकतालाई ऐतिहासिक वाम एकता भनेर प्रचार गरिनु हास्यास्पद रहेको राजनीतिक विश्लेषकहरु बताउँछन् । नेपालमा कम्युनिस्ट पार्टी नाम राख्ने र नराख्ने समेत गरेर झन्डै आधा दर्जन वाम पार्टीहरु सक्रिय छन् । अन्य वामपन्थी दलहरुको अस्तित्वलाई स्वीकार नगरी एमाले-माके एकतालाई समुच्च वाम एकताका रुपमा कोकोहोलो हाल्नु बादशाहको नयाँ लुगा जस्तै हो । एमाले, माके एकतापछि बनेको नेपाल कम्युनिस्ट पार्टी सही अर्थमा कम्युनिस्ट पार्टी नै होइन र यो पार्टीका नेतागण न त कम्युनिस्ट नै हुन् । मार्क्सवादलाई पहिलो पटक व्यवहारमा उतार्ने रुसी नेता भ्लादिमिर इलिच लेनिन खाटी कम्युनिस्ट थिए तर उनले आफूले नेतृत्व गरेको पार्टीको नाम कम्युनिस्ट राखेका थिएनन् । उनको पार्टीको नाम थियो रुसी समाजवादी उदार लोकतान्त्रिक पार्टी । ओली प्रचण्ड संयुक्त नेतृत्वको कथित नेपाल कम्युनिस्ट पार्टीको न्वारान नाम नै ठीक नरहेको वाम वृत्तमा चर्चा छ । समाजवाद उन्मुख जनताको जनवाद नारा दिएको यो दलले यस्तै झल्को दिने अन्य नाम राखेको भए बेस हुने वाम विश्लेषकहरु तर्क गर्छन् । नेपाली जनमत कम्युनिस्ट पार्टीप्रति आकर्षित रहेकाले आगामी निर्वाचनमा जनतालाई गुमराहमा राख्दै फेरि सत्तामा पुग्ने अर्को सकुनी चाल मात्र हो भन्ने

राजनीतिको कखरा जान्नेहरुको बुझाइ छ ।

एमाले माके एकतापछि बनेको नेकपा गणितीय हिसाबले नेपालको सबभन्दा ठूलो राजनीतिक दल बनेको छ । नेपालमा अहिले कम्युनिस्टहरुको सत्ता चलिरहेको अन्तर्राष्ट्रिय रुपमा सन्देश प्रवाह भएको छ । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख देशका विशिष्ट संवैधानिक पदहरुमा नेकपाकै नेताहरु छन् । सात प्रदेशमध्ये २ नं. प्रदेश अपवाद छोडेर नेकपाकै प्रादेशिक सरकार बनेको छ । स्थानीय तहमा पनि नेकपाकै वर्चस्व छ । यद्यपि नेकपाले नेपाललाई कम्युनिस्ट राष्ट्र बनाउने हैसियत राख्दैन । गुएना, माल्डोमा, निकरागुआ लगायतका राष्ट्रमा अहिले पनि कम्युनिस्ट पार्टीको नेतृत्वमा सत्ता छ । तर यी राष्ट्रहरु कम्युनिस्ट राष्ट्र होइनन् । गिनीविसाउ तान्जिनिया, श्रीलंका लगायतका बहुदलीय राजनीतिक व्यवस्था भएका मुलुकहरुमा नेपालको जस्तै समाजवादी व्यवस्थाको वकालत गरिएको छ । तर यी देशहरुले काम गर्ने वर्गको संरक्षण समेत गर्न सकेका छैनन् । ओली, प्रचण्डको नेपाल कम्युनिस्ट पार्टी बहुदलीय प्रतिस्पर्धालाई स्वीकार गरेर पुँजीवादी राजनीतिक प्रणालीको अंग बनिसकेको छ । यसले नेपालमा कम्युनिस्ट राज स्थापना गर्ने औकात राख्दैन । बहुदलीय प्रतिस्पर्धाबाट सत्तामा पुगेको कम्युनिस्ट पार्टी भन्ने एक रेकर्ड भने विश्वस्तरमै यसले राख्छ ।

शान्तिपूर्ण निर्वाचनबाट नेकपा सत्तामा आउँदैमा नेपालमा कम्युनिज्म आउने होइन न त जनता राजको स्थापना नै हुनेछ । सत्तरीकै दशकमा भारतको केरलामा कम्युनिस्टहरु सत्तामा पुगे । पछि पश्चिम बंगाल र त्रिपुरामा पनि कम्युनिस्ट सरकार बने । तर त्यहाँ जनताको शासन व्यवस्था आउन सकेन । नेकपाकै 'ट्रेडमार्क' चुनावी प्रतिस्पर्धाका लागि मात्र हो । अपितु जनवाद स्थापनाका लागि हुँदै होइन ।

केपी ओली नेतृत्वको अहिलेको सरकारसँग दुईतिहाई बढी बहुमत छ । कानुन बनाउने संघीय संसदमा पनि कम्युनिस्टहरुकै दुईतिहाई नजिक मत छ । संसदले बहुमतका आधारमा वर्तमान संविधानका सम्पूर्ण धारा, उपधाराहरु संशोधन गर्न सक्छ । यो तागतलाई बुझेरै नेकपाका अध्यक्ष प्रचण्डले राष्ट्रपतीय प्रणालीको बहसलाई फेरि सुरु गरेका छन् । अहिलेको वेस्ट मिनिस्टर सिस्टमलाई खारेज गरेर अमेरिकाको जस्तो शक्तिशाली राष्ट्रपतीय पद्धति हुनुपर्नेमा उनले जोड दिन थालेका छन् । यस्तो शासकीय प्रणालीले मात्र नेपालले समृद्धिको राजमार्ग समाउने प्रचण्डको तर्क छ । प्रचण्ड संविधानलाई आमूल संशोधन गरेर जनताको जनवाद स्थापना गरौं भन्दैनन । पहिलो संविधानसभा चुनावमा भित्ते राष्ट्रपति बनाइएका प्रचण्डलाई शक्तिशाली राष्ट्रपतिका रुपमा एकपटक देश हाँक्ने रहर जागेको छ । जनताको राज स्थापना गर्ने होइन । कम्युनिस्ट पार्टीको घोषणापत्र जब मार्क्स एंगेल्सले सन् १८४८ फेब्रुअरी १२ मा जारी गरे, त्यसले विश्व राजनीतिमा **बाँकी ८ पेजमा**

अग्नी पीडितलाई सहयोग

काठमाडौं । सुरेन्द्र ढकाल प्रतिष्ठानले मीनबहादुर सिवाकोटीमार्फत अग्निपीडित अम्बर बस्नेतलाई रु १०,००० नगद सहयोग प्रदान गरेको छ । दोलखा जिल्ला वैतेश्वर गाउँपालिका वडा नं. ८ निवासी बस्नेतको घरमा आगलागी हुँदा सम्पूर्ण सम्पती खरानी भएको थियो । निज बस्नेत भूकम्पपीडित पनि हुन् । उनले घर बनाउन भनेर राज्यबाट पाएको पैसासमेत जलेको थियो । स्थानीय सामाजिक कार्यकर्ता मीनबहादुर शिवाकोटीले बस्नेतलाई सहयोगको लागि सुरेन्द्र ढकाल प्रतिष्ठानमा आग्रह गरेका थिए । **बाँकी ८ पेजमा**

प्रशिक्षक उत्पादनमा माले

काठमाडौं । नेकपा (माले) सांगठनिक गतिविधिमा निकै सक्रियतापूर्वक लागिरहेको छ । मालेले जेठ ४ गतेदेखि ६ गतेसम्म कार्लमार्क्सको दुई शतवार्षिकीको सन्दर्भमा पार्टी केन्द्रीय कार्यालयमा आयोजना गरेको प्रशिक्षक प्रशिक्षण कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ ।

पार्टीका महासचिव तथा प्रमुख प्रशिक्षकको भूमिकामा रहनुभएका सीपी मैनालीले कार्यक्रमको उद्घाटन गर्दै प्रशिक्षण मार्क्सको योगदानका नाममा समर्पित रहने बताउनुभयो । मैनालीले मार्क्सको संक्षिप्त जीवनी र योगदानबारे चर्चा गर्नुभयो । मार्क्सवाद सर्वहारा वर्गको हितमा आएको वैज्ञानिक सिद्धान्त भएको र यसले शोषित, पीडित जनतालाई सर्वै क्रान्तिको बाटोमा लाग्ने प्रेरणा दिन्छ भन्दै महासचिव **बाँकी ८ पेजमा**

सुनबुढा मन्त्रीहरूको आयस्रोत के हो ?

काठमाडौं । प्रधानमन्त्री केपी ओलीसहित सरकारका मन्त्रीले आआफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेका छन् । तर उनीहरुसँग रहेको चल अचल सम्पत्तिको आयस्रोतबारे केही खुलाएको छैन । कतिले स्वआर्जन भनेका छन् । राजनीति गर्नु भनेको व्यापार गर्नु होइन जनसेवा गर्नु हो । स्वआर्जन अर्थात् आफैंले कमाएको यसको अर्थ हुन्छ । राजनीति गरेर यसरी सम्पत्ति कमाइने हो भने देशभरिका गरिबहरुले अरु काम होइन राजनीति नै गर्नुपर्ने भो भन्ने जस्ता टिप्पणीहरु सुनिन थालेका छन् ।

लालबाबु पण्डित जस्ता इमानदार र स्वच्छ भनिएका मन्त्रीको सम्पत्ति देखेर सर्वसाधारणले जिब्रो टोकेका छन् । चुनावका बेला पैसा छैन भन्दै प्रचारका लागि चन्दा संकलन गर्ने पण्डितसँग १० तोला सुन र १५ तोला चाँदी रहेछ । मन्त्रिमण्डलसँग एभरेस्ट बैंकमा २५ लाख र श्रीमती विमलाको नाममा एभरेस्ट बैंक र कृषि विकास बैंकमा ३० लाख रुपैयाँ रहेको छ । श्रीमतीका नाममा ललितपुरको भैंसेपाटीमा ४ आना जग्गा, विराटनगरमा १ कठ्ठा जमिनमा पाँच कोठे घर पनि रहेछ । सर्लाहीको बसबरियामा सगोलको चार बिघा पैतृक सम्पत्ति पनि उनले उल्लेख गरेका छन् । उनले २०७२ मा सामान्य प्रशासनमन्त्री पेस गरेको सम्पत्ति विवरणमा सर्लाहीको धनगढा ६ मा १२ कठ्ठा जग्गा रहेको उल्लेख गरेका थिए । अहिले त्यो जग्गा लुकाएका छन् । लालबाबु पतिपत्नीसँग ५५ लाख नगद कहाँबाट आयो ? सुन र चाँदी जोड्ने स्रोत के हो ? उनले खुलाउनु पर्दैन ? थोत्रे साइकल चढेर किन आदर्शता देखाउनु ? राम्रो गाडी किनेर चढ्न सक्ने हैसियत हुँदाहुँदै दुनियाँलाई बेबकुफ बनाएका रहेछन् पण्डितले । बैंकमा नगद थुपार्ने अनि जनतासँग गरिब छु भनेर चन्दा मार्दै चुनाव प्रचार गर्ने ? धन्य रहेछन् लालबाबु ।

उद्योगमन्त्री मातृका यादवको सम्पत्ति देखेर उनलाई माओवादी होइन, खाओवादी रहेछन् भन्न थालिएको छ । सर्वहारा वर्गको मुक्तिका निम्ति लड्ने यी योद्धासँग १६ तोला सुन, ५ लाख ५२ हजार नगद, मोडल नखुलाइएको गाडी, ललितपुरको चापागाउँमा एक करोड ५ लाखको घडेरी रहेछ । शान्ति प्रक्रियामा आएसँगै माओवादीले सार्वजनिक गरेको सम्पत्ति विवरणमा यादवसँग नगद थिएन । करिब ३ लाख बराबरको सुन र चाँदी भएको उल्लेख गरेका थिए । ०६५ मा गठित माओवादीको नौ महिने सरकारमा उनी वनमन्त्री भए । भ्रष्ट कर्मचारीलाई ट्वाइलेटमा थुनेर वाह वाह पनि पाए । त्यसयता उनी भर्खर मात्र आकर्षक मन्त्रालयका मन्त्री भएका छन् । सिराहा र धनुषामा पनि उनको जग्गा छ । उक्त जग्गामध्ये केही पैत्रिक भएको र बाँकी स्वआर्जन तथा ऋण लिएर खरिद गरेको दाबी गरेका छन् । कति जग्गा **बाँकी ८ पेजमा**

छात्रवृत्ति प्रदान

काठमाडौं । सुरेन्द्र ढकाल प्रतिष्ठानले गत हप्ता भक्तपुर जिल्लाको दुर्गम भेगमा बसोवास गर्ने २० जना सुविधाविहिन बालबालिकाहरुलाई छात्रवृत्ति प्रदान गरेको छ । भक्तपुरको दक्षिणी भेग गुण्डु र सिपाडोलका विभिन्न ६ विद्यालयमा अध्ययनरत ती बालबालिकाका अभिभावकहरुले नेपाल कम्युनिष्ट पार्टी (माले) को जिल्ला कमिटी कार्यालयमा छात्रवृत्तिका लागि अनुरोध गरेका थिए । कमिटीले सुविधाविहिन बालबालिका भनी सुरेन्द्र ढकाल प्रतिष्ठानसमक्ष छात्रवृत्तिको लागि **बाँकी ८ पेजमा**

नेपाल जर्मन सम्बन्ध ६० वर्षमा

काठमाडौं । सन् १९५८ मेमा नेपाल र जर्मनीबीच दौत्य सम्बन्ध कायम भएको दिन गत आइतबार ६० वर्ष पुगेको उपलक्ष्यमा काठमाडौंस्थित जर्मन दुतावासले एक समारोहको आयोजना गरेको थियो । काठमाडौंस्थित सबै विदेशी राजदुत, नेपालका राजनीतिक दलहरुका प्रतिनिधिहरु, नेपाल सरकारका उच्च पदस्थ कर्मचारी तथा अन्य विशिष्ट व्यक्तिहरु आमन्त्रित उक्त कार्यक्रममा परराष्ट्र मन्त्री प्रदीप ज्ञवाली प्रमुख अतिथि रहनुभएको थियो ।

कार्यक्रममा पाहुनाहरुको स्वागत गर्दै नेपालका लागि जर्मन राजदुत रोलाण्ड सेफरले नेपाल **बाँकी ८ पेजमा**

राष्ट्रपति कि गणतन्त्रकी महारानी ?

■ सुस्मिता राणा

२०७२ को नयाँ संविधानअनुसार नेपाल संघीय गणतन्त्रात्मक मुलुक हो । प्रथम संस्करणको संविधानसभाको पहिलो बैठकले परम्परागत राजतन्त्र अन्त्यको घोषणा गरेको १२ वर्ष पुगेको छ । हरेक वर्ष जेठ १५ गते विशेष समारोहको आयोजना गर्दै गणतन्त्र दिवस मनाइन्छ । गणतन्त्रको अर्थ हो जनताको शासन । गणतन्त्रमा जनता नै सर्वोपरि हुन्छन् । आवधिक निर्वाचनबाट जनताले आफ्ना प्रतिनिधिहरु चुन्छन् । निर्वाचित जनप्रतिनिधिले स्थानीय, प्रादेशिक र केन्द्र सरकार हाँक्छन् । निर्वाचित जनप्रतिनिधिहरु जनताप्रति उत्तरदायी हुन्छन् । जनप्रतिनिधिहरुले जनताभन्दा आफूलाई ठूलो ठान्दैनन् । लोकतन्त्र, गणतन्त्रमा जनतालाई नै भाग्यविधाता मानिन्छ । मुलुकका राष्ट्रपति हुन् या प्रधानमन्त्री उनीहरुलाई त्यहाँ पुऱ्याउने जनता नै हुन् । जनतालाई त्यसै जनार्दन भनिएको होइन । तर नेपालमा भने गणतन्त्रमा छोटे राजाहरुको बिगाबिगी नै छ । उनीहअरुका लागि जनता सिर्फ सत्ता चढ्ने भऱ्याङ मात्र हुन् । आम जनता दोस्रो दर्जाका नागरिक हुन् आफूभन्दा भन्ने घमण्डले वशीभूत छ नेताहरुको दिमाग । उनीहरुले राजाले झैं जनतालाई रैतीकै व्यवहार गर्दै आएका छन् । जनताले आफूहरु रैतीबाट नागरिक भएको अनुभूत गर्न अझै पाइरहेका छैनन् । लोकतन्त्र लजाइरहेको छ ।

नेपालको संविधानले राष्ट्राध्यक्षको रुपमा राष्ट्रपतिको व्यवस्था गरेको छ । संवैधानिक राष्ट्रपतिको काम कर्तव्य र अधिकारको सीमा पनि संविधानले निरुपण गरेको छ । विद्यादेवी भण्डारी अहिले संघीय गणतन्त्र नेपालको राष्ट्रपति पदमा विराजमान छिन् । नेपालको वामपन्थी राजनीतिमा उनको उल्लेख्य भूमिका नरहे पनि प्रथम कम्युनिस्ट महिला राष्ट्रपति बन्ने सौभाग्य प्राप्त गरेकी छन् उनले । उनको सौभाग्यका विधाता हुन् प्रधानमन्त्री केपी ओली । झलनाथ खनालले राष्ट्रपति बनाउने आश्वासन दिएर ओलीले तत्कालीन एमालेको अध्यक्ष पड्काए । माधव नेपाललाई पछार्न सफल भए । ओलीले भित्रभित्रै विद्यालाई राष्ट्रपति बनाउन 'लविङ' सुरु गरे । अन्ततः झलनाथ जिल्लराम परे । **बाँकी ८ पेजमा**

सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली
सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

सम्पादकीय

सुन तस्करीको जरोसम्म पुग

सुन तस्करी र सनम हत्या काण्डका नाइके भनेर प्रचार गरिएका चुडामणि उप्रेती उर्फ गोरे पक्राउ परिसकेका छन् । गोरेले आफू सामान्य भरिया मात्र भएको र तस्करीका नायक र सुन मालिक अरू नै भएको प्रारम्भिक बयान दिएका छन् । उनले त्रिभुवन विमानस्थलमा कार्यरत तत्कालीन एसएसपी श्याम खत्रीलाई पक्राउ गर्दा सबै रहस्य खुल्ने बताएका छन् । गोरेले दिएको बयानअनुसार सुन तस्करको संरक्षकत्व माथिल्लो तहबाट नै प्रदान गरिएको भन्ने स्पष्ट हुन्छ ।

अहिले ३३ केजी सुन हराएपछि तस्कर समूहमा पैदा भएको झगडा र सुन खोजी अभियानमा यातना दिएर सनम शाक्यको हत्या भएको तथ्य बाहिर आएपछि मात्र तस्करको यो समूहको तस्करीको रहस्य सतहमा आएको हो । यो समूहले मात्र ५०० पटक सुन तस्करी गरिसकेको चार वर्ष अगाडिबाट नै तस्करीमा सक्रिय रहेको विवरण सार्वजनिक गरेको छ । तस्करको एउटा समूह मात्रले यत्रो ठूलो परिमाणमा तस्करी गरेको छ भने अन्य समूह पनि तस्करीमा संलग्न हुन सक्छन् । सुन तस्करलाई छाता ओढाएर संरक्षण प्रदान गर्न र तस्करको सुन ओसारपसार गर्न एयरपोर्टको सुरक्षा जिम्मा लिएका प्रहरीका हाकिम नै लागि पर्छन् भने तस्करलाई त्योभन्दा राम्रो अवसर के हुन सक्छ र ? यहाँनेर प्रश्न उठ्छ श्याम खत्रीलाई संरक्षण गर्ने चाहिं को हो ? पक्कै पनि लहरो तान्दै जाँदा पहराको गर्जन राजनीतिक तहसम्म जोडिन पुग्छ । प्रहरी प्रशासनको खटनपटन गर्ने गृहमन्त्रालयका उच्च अधिकारी र मन्त्रीहरू पनि तस्करका संरक्षक हुन सक्छन् भनेर शंका गर्ने ठाउँ पर्याप्त छ ।

तस्कर नाइके भनिएको गोरेले भनेजस्तो ऊभन्दा माथि अरू थुप्रै जिम्मेवार छन् । एसएसपी श्याम खत्री कहाँ छन् भन्ने कुरा प्रहरीकै उच्च निकायलाई पक्कै पनि जानकारी हुन सक्छ । उनलाई पत्रिने साइत कहिले आउने हो ? वर्तमान गृहमन्त्री रामबहादुर थापा बादल भ्रष्टाचार, तस्करी, सिन्डिकेट र सबै खाले अनियमितताविरूद्ध मैदानमा उत्रिसकेका छन् । अब गृहमन्त्रीले सुन काण्डका सम्पूर्ण अपराधी पक्राउ गर्ने कडा आदेश दिनैपर्ने हुन्छ । नेपाल प्रहरीको संयन्त्र कमजोर छैन । अपराधी पक्राउ गर्ने क्षमता विभिन्न समयमा प्रदर्शन गर्दै आएको छ । त्यसैले सिंगो प्रहरी फोर्सलाई बदनाम गराउने श्याम खत्री जस्तालाई जुनसुकै ठाउँमा पुगेको भए पनि ल्याउन सक्नुपर्छ ।

त्यसैगरी भ्रष्टाचार, कमिसनले भुँडी फुलाएका राजनीतिक नेतृत्वहरू कर्मचारीलाई मात्र फसाएर सधैंभरि उम्कने गरेका छन् । मुलुकलाई खर्बौं नोक्सानी पार्ने सबै तस्कर हरूको संरक्षकको मुकुन्डो खोल्नैपर्ने हुन्छ । अन्यथा प्रहरी प्रशासनको गिरेको शाख फिर्ता आउने छैन । गृहमन्त्रीले पुलिस देख्नेबित्तिकै गुण्डा र तस्करको भागाभाग हुनुपर्ने गरी काम गर्न दिएको निर्देशन पुलिस प्रशासनले पालना गर्नुपर्छ । जुनसुकै तहको तस्कर भए पनि हत्कडी लगाएर सार्वजनिक गर्न सक्नुपर्छ । तबमात्र सुन तस्करलगायत अन्य तस्करहरूको मनोबल गिर्नेछ । त्यसो नगरेमा गोरेका नयाँ अवतारहरू पैदा भइरहनेछन् । प्रशासनकै सहयोगमा विमानस्थलमा लुटको स्वर्ग खडा गरिरहने छन् ।

सर्वमान्य आधारहरूको कसौटीमा यसपालिको नीति तथा कार्यक्रम : एक विश्लेषण

सुरेन्द्र ढकाल
पोलिटब्युरो सदस्य
(नेकपा माले)

सरकारले सदनमा प्रस्तुत गर्ने नीति तथा कार्यक्रमहरु बनाउँदा केही सैद्धान्तिक र केही व्यावहारिक पक्षहरुलाई अवलम्बन नगरी बनाएको नीति तथा कार्यक्रम साधारणतया हचुवा र तदर्थवादी हुन्छ र कार्यान्वयनको क्रममा यस्ता नीति तथा कार्यक्रमहरु असफल हुन्छ अनि राजनीतिक दलहरुले चुनावताका घोषणापत्रमार्फत व्यक्त गरेका प्रतिबद्धताहरु फोस्रो नारामा परिणत हुन जान्छन र देश अविकसित, असभ्य र भ्रष्ट राष्ट्र बन्न पुग्छ । के हुन् ती सर्वमान्य आधारहरु ?

१) अत्यावश्यक सेवाको ग्यारेन्टी : राज्यले जनतालाई नीति तथा कार्यक्रमको माध्यमबाट दिनुपर्ने पहिलो ग्यारेन्टी भनेको अत्यावश्यक सेवा हो । जस्मा आधारभूत शिक्षा, स्वास्थ्य, यातायात संचार, खानेपानी, ढल निकासु, बिजुली, अनि खाद्यसुरक्षा पर्न आउँछ । यस्ता सेवाहरुसँग सम्बन्धित उत्पादन तथा सेवा उद्योगहरु राज्यले आफैंले चलाई जनताको लागि सर्वसुलभ, सस्तो र सरल ढंगबाट यस्ता सेवा र वस्तुहरु आपूर्ति गर्न पर्दछ । नीति तथा कार्यक्रममा यस्को प्रतिबद्धता स्पष्ट हुनुपर्दछ । उदाहरणका लागि आधारभूत शिक्षा अनिवार्य र निशुल्क भन्नेबित्तिकै त्यहाँ सरकारी विद्यालयहरुले शुल्कको नाममा एक पैसा पनि उठाउन मिल्दैन भने पूर्वप्राथमिक कक्षाका बालबालिकाहरुको लागि निशुल्क खाजा कार्यक्रम समावेश हुनुपर्दछ । किनकी सरकारी विद्यालय जाने भनेका गरिब र अति गरिब जनताका छोराछोरीहरु हुन । नीति तथा कार्यक्रमले अनिवार्य र निशुल्क मात्रै भनेर हुँदैन, शिक्षाको गुणस्तरीयता र बालबालिका प्रेमी शिक्षा विधिसमेत समावेश गर्नु पर्दछ । यस्ता कुराहरु यसपालिको सरकारी नीति तथा कार्यक्रममा स्पष्ट रुपमा उल्लेख भएको छैन । यस्ता कुराहरुमा निजी क्षेत्रलाई हात हाल्न दिनु हुँदैन र दिएमा पनि उच्च करको दायराभित्र पार्नु पर्दछ भन्ने भावना समेत समेटिएको छैन ।

२) सुशासन र विकाश : नीति तथा कार्यक्रमको अर्को सर्वमान्य आधार भनेको सुशासन र विकास हो । सुशासनभित्र देशको सीमा रक्षा, जनताको सुरक्षा, राज्यबाट जनताले पाउने सबै सेवाहरु र जनताले राज्यलाई बुझाउने कर पनि वडा स्तरबाटै सम्पादन हुने याने नागरिक नजिकको प्रशासन हुनु पर्दछ । अर्कोतर्फ विकास याने जनताको र देशको समृद्धि कार्यक्रमहरु हुन् । यी कार्यक्रमहरु त्यसबेला मात्र सम्पन्न र प्रभावकारी हुन्छ जब यो औचित्यता र मितव्ययितामा आधारित हुन्छ । यी दुई कुरा औचित्यता र मितव्ययिताको अभावमा बनेका कार्यक्रमहरु सम्पन्न त होलान् तर त्यो दिगो हुँदैन । विकास गर्नु ठूलो कुरा हो तर विकासबाट बनेका संरचनाहरुको मितव्ययी संचालन र त्यसको दिगोपनाको ग्यारेन्टी गर्न सक्नु भनेको झनै कठिन कुरा हो । विकास गर्न साधारणतया मनग्गे बजेट चाहिन्छ, बजेट त राजस्व, विदेशी सहयोग र विदेशी लगानी याने आन्तरिक र बाह्य स्रोतबाट परिचालित होला रे तर राज्यको खर्च गर्ने पारदर्शी क्षमता भएन भने योजना र बजेट भएर मात्रै विकास हुँदैन भन्ने कुरा बजेटको पूँजीगत खर्च २० वा ३० प्रतिशतको हाराहारीमा रहने हाम्रो परम्पराले देखाइसकेको छ । एउटा मेलम्ची आयोजना २२ वर्षसम्म सम्पन्न नभै लगातार योजनाको अवधि र लागत दुबै बढ्दै गइरहेको हाम्रो वास्तविकता हो । यो असक्षमताको कारक तत्व के हो, किन नेपालको निजामती प्रशासन दक्ष हुन सकेको छैन भन्ने जस्ता प्रश्न र त्यसको उत्तर पनि यस नीति तथा कार्यक्रमले नखोजेको परिप्रेक्ष्यमा यसलाई परम्परावादी नीति तथा कार्यक्रम भन्ने कि नभन्ने ? नीति तथा कार्यक्रमभित्र साधारण खर्च सकेसम्म घटाउने अनि विकास खर्च सकेसम्म बढाउने उपायहरु अवलम्बन गरिएको हुनुपर्दछ जुन यस वर्षको नीति तथा कार्यक्रममा पनि छैन ।

३) चुनावी घोषणापत्रोन्मुख आधार : प्रजातन्त्रमा त्यस्तो दल वा दलहरुले सरकार संचालन गरेका हुन्छन जस्को चुनावी घोषणापत्रलाई जनताको बहुमतले स्वीकृत गरेको हुन्छ । तर चुनावी घोषणापत्रमा एक कुरा र प्रतिवद्धता अनि सरकारको नीति तथा कार्यक्रममा अर्को कुरा अर्कै प्रतिवद्धता हुने विगतको नीति तथा कार्यक्रमको संस्कारबाट यस पटकको नीति तथा कार्यक्रम उन्मुक्त हुन सकेको छैन । अहिलेको सरकारलाई वामको बहुमतको सरकार भनिएको छ, नेपालको इतिहासमा पहिलो पटक । वामपन्थी सरकारको नीति तथा कार्यक्रमको प्रमुख प्राथमिकता भनेको कमजोर, अपहेलित, सिमान्तक्षेत्र, दलित पीडित जनताको लागि विशेष उत्थानको दिगो कार्यक्रम हो । गरिबी र निरक्षरता अन्त्य गर्ने यस्ता कार्यक्रममा स्वरोजगार शिक्षा पर्न आउँछन जसअन्तर्गत सरकारले साक्षरता र लघु व्यवसायलाई लक्ष्य बनाइ विनाधितो बिजपुँजी प्रदान गरी निरक्षर, गरिब र बेरोजगारहरुलाई साक्षर र स्वरोजगार बनाउन सक्नुपर्दछ । यो नीति तथा कार्यक्रमले त्यसको पनि स्पष्ट खाका देखाएको छैन ।

देशमा भएका उद्योगहरू धमाधम बन्द हुनु, युवायुवती कठिन, फोहोरी तथा खतरनाक काम गर्न विदेशिनुपर्ने अनि उनीहरूले कमाइ पठाएको हुण्डीले देश चल्नुपर्ने अवस्थाबाट गुज्रिरहेको वास्तविकतालाई चिर्दै उत्पादन र निर्यात प्रवर्द्धनको स्पष्ट खाका नीति तथा कार्यक्रमले देखाउनु पर्दथ्यो । यस कुरामा पनि यसपालिको नीति तथा कार्यक्रम स्पष्ट हुन सकेको छैन

४) अहिलेको विश्वमा त्यस देशले मात्र विकास गर्न सक्छ जसले विदेशी बजारमा प्रतिष्पर्धात्मक मूल्यमा आफ्नो सामान बिक्रि गर्न सक्छ । कुनै पनि देशको अबको आर्थिक विकास सहयोगले होइन, निर्यात व्यापार र व्यवसायले गर्छ । चीनको केन्द्रीय बैंकमा त्यसै ४० खरब डलर जम्मा भएको होइन । चीनले विश्व बजारमा आफ्ना सस्ता वस्तुहरु बिक्रि गर्न सकेकै कारणले हो । त्यसको विपरीत हाम्रो देश भने संसारकै सबैभन्दा बढी व्यापारघाटा भएको देश बन्न पुगेको छ । देशमा भएका उद्योगहरु धमाधम बन्द हुनु, युवायुवती कठिन, फोहोरी तथा खतरनाक काम गर्न विदेशिनुपर्ने अनि उनीहरुले कमाइ पठाएको हुण्डीले देश चल्नुपर्ने अवस्थाबाट गुज्रिरहेको वास्तविकतालाई चिर्दै उत्पादन र निर्यात प्रवर्द्धनको स्पष्ट खाका नीति तथा कार्यक्रमले देखाउनु पर्दथ्यो । यस कुरामा पनि यसपालिको नीति तथा कार्यक्रम स्पष्ट हुन सकेको छैन, झारा टार्ने कुरा मात्रै भएको छ ।

५) हाम्रो छिमेकी चीनले आर्थिक र सामरिक विकासमा अमेरिकालाई उछिन्ने दिन आइ सक्यो । चीन पनि मार्क्सवादी देश अनि उसले गरेको आर्थिक विकासको सफलताबाट वाम भनिने सरकारले धेरै कुरा सिकी आफ्नो राष्ट्रिय परिप्रेक्ष्यमा के के कुरा लागु गर्न सकिन्छ, त्यसको खाका पनि प्रस्तुत नीति तथा कार्यक्रममा उल्लेख गर्नुपर्ने हो जस्मा पूर्वाधार विकास, उत्पादनमा वृद्धि, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन पर्न आउँछ । यस्को लागि अति नै दक्ष मौद्रिक तथा वित्तीय नीति र त्यस्तो नीतिलाई कार्यान्वयन गर्न सक्ने दक्ष संगठन र कर्मचारीको व्यवस्थापनको खाका तयार हुनु पर्दथ्यो । यस कुरामा पनि यो नीति तथा कार्यक्रम चुकेको छ । छिमेकीहरुसँग असल सम्बन्ध राखिनेछ भनेर मात्रै पुग्नेवाला छैन, उनीहरुसँग समदुरी र सम सामिप्यता (Equi Distance and Equi Proximity) को सम्बन्ध कायम गर्छौं भनेर त्यो सम्बन्धको खाका प्रस्तुत गर्न सक्नु पर्दथ्यो जुन कुरालाई यस नीति तथा कार्यक्रमले आत्मसात गरेको कहिँ पनि देखिँदैन ।

६) देशमा वित्तीय संस्था र बैंकहरु निकै मौलाएको उनीहरुले आर्जन गरेको नाफाले देखाइरहेको छ । तर यस्ता बैंक तथा वित्तीय संस्थाहरुको प्राथमिक क्षेत्र याने कृषि र लघु व्यवसायमा कति लगानी छ भनेर हेर्दा शून्य हात पर्छ । आवास र गाडी कर्जाबाट फस्टाएका यिनीहरुलाई कृषि तथा लघु व्यवसायमा लगानी गर्नैपर्ने बाध्यकारी व्यवस्थाको सिर्जना गर्नु राज्यको दायित्व हो । त्यो दायित्वबाट पनि चुकेको छ यो नीति तथा कार्यक्रम ।

छोटकरीमा भन्दा माथि विश्लेषण गरिएका बुँदाको आधारमा र सर्वमान्य सैद्धान्तिक र व्यावहारिक कसौटीमा यसपालिको नीति तथा कार्यक्रमको विश्लेषण गर्ने हो भने यसलाई पनि तदर्थ र परम्परावादी नीति तथा कार्यक्रम भन्नु पर्दछ । यो अन्ततः जनताको अगाडि ललिपप मात्रै साबित हुनेछ ।

कहाँ लुकेको छ सुगौली सन्धिको खारेजी ?



जगदीश लामिछाने
रौतहट, पौराई

सचेत देशभक्त मञ्चको आह्वानमा विशाल भेलाले काठमाडौं नेपालको टुँडिखेलमा ग्रेटर नेपालको नक्सा बनायो । यही ग्रेटर नेपाल साप्ताहिकका प्रधानसम्पादक सुरेन्द्र ढकालसहितको टोली नै उपस्थित त्यो भेला २०७४ चैत २४ गते नै थियो । त्यसको प्रचारमा त्यसको अघिल्लो दिन २०७४ चैत २३ गते शुक्रकार यसै पत्रिकामा सचेत देशभक्त मञ्चको प्रचारसहित छापिएकै थियो ।

ब्रिटिस आधिपत्यबाट विभिन्न अरु प्रमाणबाट पनि नेपाली गोर्खा मुक्त भएको जानकारी भएकैले गोर्खाबाहेक अरु मात्र भारत, पाकिस्तानमा रहे । हामी रहेनौं । हामी गोर्खा र नेपाली एउटै हौं, जो कसैको अधिनमा कहिल्यै रहेनौं । किनभने वि.सं. २००४ अर्थात् १९४७ इ.सं.मा नेपालमै ब्रिटेन र भारतले त्रिदेशीय सन्धि गरी गोर्खा फौज बाँडेर लिएका थिए । नेपालसँग भएको यही सन्धि नै गोर्खा र नेपाल एउटै हो भन्ने कानुनी प्रमाण पनि हो ।

उक्त प्रसंगको ग्रेटर नेपाल साप्ताहिक २३ चैत २०७४ को मुखपृष्ठकै उपर्युक्त अनुसार निम्न वाक्यहरु पनि हेर्नै ।

बेलायती सरकारका प्रतिनिधि लर्ड माउन्ट बेटेन र जवाहरलाल नेहरुले हस्ताक्षर गरेको पत्रमा सिख मुगल मराठ गोर्खाका भूभाग लिएर इस्ट इन्डिया कम्पनी खडा गरेकोमा हामी छोडेर जाँदैछौं । त्यसैले उक्त भूभाग जो जोसँग लिएका थियौं, उनीहरुलाई नै फिर्ता गर्यौं ।

गोर्खा अर्थात् नेपालको भूभाग किन फिर्ता भएन त ?

लडाइँ एक भएर गरिन्छ । जितिसकेपछि आपसमा मिलेर उपभोग गरिन्छ । जसरी भारत र पाकिस्तानले बाँडेर लिए । नेपालका गोर्खाहरुले र टिस्टा सतलजका नेपालीहरुले त्यसरी पाएनन् । बरु सम्वत २००४ का श्री ३ पद्मशमशेर लखेटिन्छन् । २००७ भन्दा पहिले टंकप्रसादका दलसँग श्री ५ त्रिभुवन लुकी लुकी भेट गर्छन् । पछि २००७ कात्तिक २२ गते सुटुक्क भारतीय राजदूताबास पस्छन् र दिल्लीमा ल्याइन्छन् । इ.सं. १९५० कै भारत तथा बेलायतलाई सही गराई सन्धि गर्ने श्री ३ मोहनशमशेर आफैं प्रधानमन्त्री भएर पद छोडेपछि भारतमै गएर मर्छन् । भारत र बेलायतसँग सन्धि गराउन महत्वपूर्ण भूमिका खेल्ने उनै मोहनशमशेरका छोरा विजयशमशेर बिजुलीको करेन्ट लागेर टबमा मारिन्छन् । २०२८ सालमा श्री ५ महेन्द्रले सत्ता लेउ भनी दियालो बंगला चितवनमा सोधिएका सहिद गंगालालका भाइ पुष्पलाल कम्युनिस्ट नेता नै अनकनाउँछन् र पार्टीमा सल्लाह गर्छु मात्र भन्छन् । त्यही पार्टी टुक्रा टुक्रा भई वि.सं. २०५२ देखि आन्दोलन गरेर भारतमै बसेर १७ हजार नेपाली मारेपछि मधेसी दलसहित ७ दल दिल्लीमै गएर काठमाडौं ल्याई सत्ता सुम्पन्छन् र २०७५ वैशाख सुरुमा केपी ओलीको नेपाल कम्युनिस्ट पार्टीमा मिल्न आई माओवादीले आफ्नै रक्षा गर्छन् । कम्युनिस्ट नाम भए पनि केपी ओली सरकार प्रजातन्त्र छोडी यताउता गर्ने अधिकारमा छैन सबै तम्तयार भएर बसेकै छन् ।

यस्तो अवस्थामा नेपाली कांग्रेसको त कुरै भएन, भर्खर खुलेका राष्ट्रिय प्रजातन्त्र पार्टीहरु पनि टुक्रा टुक्रा हुन्छन् । विदेशीहरुलाई नागरिकता खटाइ खटाइ बाँड्दै गर्दा पनि एकैचोटि भनेजति नागरिकता दिएन भने नेपालका राजा मारिन्छन् । अथवा श्रीपेच खोसिन्छन् । अनेक दुःख दिइन्छ ।

यस्तो थाहा पाएर अथवा नपाएर भारतमा रहेका नेपाली अथवा गोर्खाहरुलाई तिमी गोर्खा हौ मात्र भनिन्छन् । गोरक्ष र गोर्खाल्यान्ड दिनु त कता हो कता फुट गराइन्छ । टिस्टा सतलजका जनताले पनि मूल नेपाली जस्तै दुःख पाउनु स्वाभाविकै हो । यो पनि नेपालीकै दुःख हो । उनीहरु सय वर्षअघिदेखि आफ्नो हक मागेको मागयै छन् ।

यसैले जतिसक्दो चाँडो रिट कर्ता स्व. योगीनरहरिनाथको जमात तथा प्रा.फणिन्द्र नेपाल रिटकर्ताका साथ सुरेन्द्रप्रसाद ढकालसमेत मिलेर महमद अलि जिन्हा, सुवासचन्द्र बोस जसरी मिल्नुपर्ने दिन आएको छ । पछि छुट्टिए पनि हुन्छ । तपाईं दुई सुरेन्द्र फणिन्द्र मिल्नैपर्छ । नत्र सुगौली सन्धि आफैं खारेजीमा परिसकेर पनि १९५० साउन कात्तिकदेखिको अझै आज २०७५ सम्मै लुकेर बसिरहेकै छ । कतिसम्म बस्ने हो पत्ता छैन ।

नेपाल सरकारलाई र टिस्टा सतलजका नेपाली जनतालाई संयुक्त प्रश्न

(१) अझै भारतलाई उसका जनता नेपालमा थपिरहन दिने हो कि कसो ? नेपाल भारत दुवैतिरका नेपालीलाई प्रश्न सोधौं ।

(२) लर्ड माउन्ट बेटेन र जवाहरलाल नेहरुले सही गरेको कागज कहाँ छ ? त्यो प्रधानसम्पादक सुरेन्द्रप्रसाद ढकालले र त्यस्तै आशय र बोलीको बेलायती संसदको पहिलो निर्णय कहाँ छ ? त्यो नेपाल सरकारले जनतासामु पेश गर्ने दिन आएका छन् । दोस्रो भारत पाकिस्तान छुट्टिएको निर्णयको भ्रममा हामी पर्नु नै हुँदैन । त्यही भ्रममा विदेशले झुलाइराखेको हो ।

मैले देखेको सत्चालीसौं विश्व सम्पदा : लण्डनको इम्पेरियल वार म्युजियम

सुरेन्द्र ढकाल

इम्पेरियल वार म्युजियम अगाडिबाट हेर्दा

इम्पेरियल वार म्युजियममा सुरेन्द्र सन् १९८९ मा

म्युजियमभित्र रहेको युद्धसम्बन्धी पुस्तकालय

म्युजियममा रहेका युद्धताकाका मेसिनगनहरू

म्युजियमभित्र रहेका युद्धताकाका टैंक

म्युजियमभित्रको वायुयान कक्ष

म्युजियममा रहेका विविध संग्रहहरू

लण्डनको सेन्ट पाउल क्याथेड्रल हेरी सिध्याएर हामी क्याम्पिङ साइटतिर लाग्यौं । भोलिपल्ट बिहानको हल्का नास्ता गरी बेलायती साम्राज्यको युद्धसम्बन्धी सामग्री राखिएको इम्पेरियल वार म्युजियम हेर्नतर्फ लाग्यौं ।

इम्पेरियल वार म्युजियम

यो म्युजियमलाई बेलायतको राष्ट्रिय म्युजियम भन्दा रहेछन । यस म्युजियमका शाखाहरू इंगलैण्डमा ५ वटा रहेछन् । तीमध्ये तीनवटा लण्डनमा रहेछन् । सन् १९१७ मा सांसद सर वालफ्रेड मोण्डको सक्रियतामा यस म्युजियमको स्थापना भएको रहेछ । यस म्युजियममा बेलायती औपनिवेशिक साम्राज्य खडा गर्ने क्रममा भएका अनि पहिलो विश्वयुद्धताका भएका सैनिक र गैरसैनिक बलिदानहरूको संग्रह गरिएको रहेछ । सन् १९१४ पश्चात बेलायत र यसका पूर्व औपनिवेशिक देशहरू जो कमनवेल्थमा समाहित छन् । उनीहरूसँग भएका विवादसम्बन्धी कुराहरूलाई पनि यस म्युजियममा राखिएको रहेछ ।

साँच्चै भन्दा आधुनिककालको युद्धको इतिहास बुझ्न यस म्युजियमले उल्लेख्य योगदान गरेको रहेछ । बेलायती राजा जर्ज पाँचौंले सन् १९२० मा यो म्युजियमको उद्घाटन गर्दा यो म्युजियम क्रिस्टल प्यालेसमा थियो । पछि वेथलेहम रोयल हस्पिटल भएको यो ठाउँमा सन् १९३६ मा यस म्युजियमलाई सारिएको रहेछ । दोस्रो विश्वयुद्ध कालमा यस म्युजियममा प्रदर्शन गर्नुपर्ने वस्तु थपिएको कारण यस म्युजियमलाई आमरूपमा विस्तार गरिएको रहेछ ।

सन् १९७० मा आएपछि प्रदर्शन गर्नुपर्ने ऐतिहासिक वस्तुहरूको परिमाण बढ्दै गएको कारण यस म्युजियमका शाखाहरू खुल्न गएका रहेछन जस्मा डक्सफोर्ड र रोयल नेभी क्रुजरमा रहेका म्युजियमहरू पर्दा रहेछन् । लण्डनको साउथवाकमा रहेको यस म्युजियममा भने व्यक्तिगत र सरकारी कागजपत्रको संग्रह, फोटो, फिल्म भिडियो रेकर्ड, वृहत पुस्तकालय, कला संग्रह, सैनिक यातायातका साधन, वायुयान, युद्धका सामग्रीहरू प्रदर्शनमा राखिएका रहेछन् । यस म्युजियमलाई बेलायतको मात्रै नभै पूर्व बेलायती कोलोनी अन्तर्गतका राष्ट्रहरू जो ब्रिटिस कमन वेल्थ संलग्न छन् । उनीहरूको पनि हो भनेर बुझाउनको लागि यस म्युजियम संचालन गर्ने ट्रस्टीहरूको बोर्डमा भारत, दक्षिण अफ्रिका, क्यानडा, अष्ट्रेलिया र न्युजिलैण्डलाई पनि राखिएको रहेछ । म्युजियम खोलिएपछिको पहिलो सार्वजनिक विदाको अवसरमा एकै दिनमा ९४१७९ जनाले यस म्युजियम हेरेका रहेछन् र सन् १९२१ को नोभेम्वरमा आइपुग्दा २२ लाख ९० हजार ७१९ जनाले यस म्युजियम हेरिसकेका रहेछन् । दोस्रो विश्वयुद्धमा जब संसार नै लडाइँमा संलग्न थियो तर यो म्युजियम भने लडाइँसम्बन्धी सामग्रीहरू संकलन गर्न ब्यस्त रहेछ र त्यतिखेर बनाइएका युद्धसम्बन्धी डकुमेन्टरीहरू हाल पनि देखाइँदो रहेछ ।

युद्धताका जर्मन बमको सिकार भएको यो म्युजियमको पानीजहाज कक्ष ध्वस्त भएको रहेछ । त्यसपछि सन् १९६६ देखि पुनः यो म्युजियमलाई विस्तार गर्ने काम शुरू गरिएको रहेछ । बालबालिकालाई युद्धसम्बन्धी म्युजियम देखाई उनीहरूलाई युद्धप्रति मोह जगाउन खोजेको भन्दै सन् १९६८ मा तिमोथि जोन भन्ने ब्यक्तिले यस म्युजियममा आक्रमण गरी दुई लाख पाउण्ड बराबरको क्षति पुऱ्याएका रहेछन् । यिनलाई त्यस्तो विध्वंसात्मक कारवाही गरेको कारण चार वर्ष कैद सजाय गरिएको रहेछ । पछि फाल्कलैण्ड युद्धमा अर्जेन्टिनामाथि विजय हासिल गरेपश्चात त्यहाँ प्रयोग भएका हातहतियार पनि यहाँ सजाइएको रहेछ ।

कविता

रगतको लिटमस टेस्ट

● जेविन सर्वहारा

आज,
महान वैज्ञानिक छविलालको शोधपत्र पढिरहेछु,
वर्षै लामो प्रयोग, हजारौं मूर्दाहरु
हजारौं लिटर रगत-पसिना, हजारौ सिउँदाहरु
छविलालको लिटमसमा कहिल्यै निला बनेननन् ।

क्यानटोनमेन्टका हतियारहरुमा
आजकल खिया लाग्न थालेका छन्,
अयोग्य भएकाहरु हिजोबाट पहलमान भएका छन्,
ज्युँदा मूर्दाहरु चिहानबाहिर समृद्धिको ताण्डव नाचिरहेछन् ।

प्रिय छविलाल,
हामीलाई हाम्रो जनसत्ता प्यारो छ,
हामीलाई हाम्रो जनसरकार प्यारो छ,
केही प्यादा र खेतालाहरु हामीलाई,
क्रान्तिको बिचौलिया देखिरहेछन्,
प्रिय, छविलाल ढाडमा टेकेर टाउको हान्न हामीले बिर्सेका छैनौ,
बारुदको गन्ध अझै भुलिसकेको छैन ।

आउ छविलाल,
एकपटक परेड खेलौ
तिमी बढ्ता उफ्रने कि छर्रा बोकेकी रिता दिदी ।
आउ छविलाल,
एकपटक लुकामारी खेलौ
तिमी बढि लुक्ने कि पूर्ण पौडेलहरु
आउ छविलाल एकपटक पीडा आरोहण गरौ,
तिमी माथि पुग्ने कि मेरि हजुरआमा
सबै सबै छाडेर
एकपटक आउ छविलाल,
रगतको लिटमस टेस्ट गरौं
तिम्रो कलेजो रातो कि मेरी आमाको सिउँदो ।

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
ISO 9001
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
Handphone : 9851024628
G.P.O. Box : 3565. Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

गर्मी मौसममा हुनसक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार गर्ने गरौं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरू बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयागकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।
- चुरोट बिँडीजस्ता वस्तुहरू प्रयोगपश्चात् जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजेल, ग्याँस स्टेसनको वरिपरि सलाई, लाइटरजस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चारमाध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरू चालू अवस्थामा राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

विकासको 'गोलचक्कर' : त्यसलाई कसरी तोड्ने ?

- मोहनविक्रम सिंह

यो बताइरहनुपर्ने आवश्यकता छैन कि नेपाली जनताले स्वतन्त्र, शक्तिशाली र सुदृढ नेपालको आशा गर्दछन् । विभिन्न सत्तारूढ पार्टीहरू र सरकारले पनि त्यस प्रकारको सपनाहरू बाँडिरहेका छन् । त्यो क्रम दशकौंदेखि हुँदै आएको छ । तैपनि नेपाल विकासको दृष्टिले धेरै नै पछाडि रहने गरेको छ । आखिर त्यस्तो किन हुने गर्दछ ? वास्तवमा नेपालको विकासका लागि गम्भीर अवरोध र बाधाहरू छन् । तिनीहरूको निवारण वा समाधान नगरिकन देशको विकास सम्भव हुन्न । प्रश्न विकास र समृद्धिको मात्र होइन । त्यससित जोडिएको अर्को महत्वपूर्ण प्रश्न यो हो : देशमा हुने विकासबाट जनतालाई कति लाभ पुग्दछ ?

नेपालका सञ्चार माध्यमहरूले दिनदिनै भ्रष्टाचारका थुप्रै मुद्दाहरू बाहिर ल्याउने गरेका छन् । प्रशासन, शिक्षा, स्वास्थ्य, निर्माण, विकास, प्रहरी आदि विभिन्न क्षेत्रमा करोडौं, अरबौं रूपैयाँ भ्रष्टाचार भइरहेका समाचारहरू आउने गर्दछन् । त्यसरी नेपाली जनताबाट उठेको राजश्व वा अन्तर्राष्ट्रिय स्तरमा प्राप्त अनुदान र ऋणको पनि एउटा ठूलो अंश भ्रष्टाचारमा जान्छ । शायद कुरा त्यति मात्र होइन । राजनीतिक वृत्त भ्रष्टाचारमा कति संलग्न छ ? त्यसबारे अहिलेसम्म अख्तियारले कुनै खास तथ्य बाहिर ल्याएको छैन । अदालतले पनि त्यस प्रकारका मुद्दाहरूमा एकाध व्यक्तिलाई छाडेर कसैलाई दण्ड सजाय गरेको छैन भने पनि हुन्छ । तर यो सोच्नका लागि आधार छ कि राजनीतिक वृत्त पनि भ्रष्टाचारमा निकै संलग्न छ र त्यसले गर्दा प्रशासन र विकास समेतका क्षेत्रहरूमा भ्रष्टाचार व्यापक रूपले बढ्न सकेको हो । देशमा यस प्रकारको भ्रष्टाचार निर्मूल नगरिकन देशको विकास गर्न मुश्किल पर्नेछ ।

प्रशासन यन्त्र पनि नेपालको विकासको एउटा गम्भीर समस्या हो । सरकारले विकासका लागि जुन योजना वा बजेट बनाउँछ, त्यसलाई इमान्दारिता र उत्साहपूर्वक कार्यान्वयन गर्ने प्रशासन यन्त्रको स्प्रिट हुनुपर्दछ । तर उनीहरूले देशको विकासभन्दा आफ्नो स्वार्थद्वारा प्रेरित भएर काम गरेको देखिन्छ । त्यसैले उनीहरू ठूलो पैमानामा भ्रष्टाचारमा लाग्दछन् । किनभने देशको विकासलेभन्दा भ्रष्टाबाट नै उनीहरूलाई बढी फाइदा हुने गर्दछ । विकास कार्यहरू प्रति उनीहरूले जनसेवाको भावनाले कम, नोकरशाही दृष्टिले बढी काम गर्दछन् । त्यसैको परिणाम हो कि सरकारले वितरण गरेको बजेटको ठूलो अंश खर्च हुँदैन । कर्मचारिहरूलाई देशको विकास कति हुन्छ भन्ने कुरामाभन्दा बढी चिन्ता आफ्नो व्यक्तिगत लाभ प्रति हुन्छ । व्यक्तिगत लाभ नहुने वा भ्रष्टाचार गर्न नपाइने कार्यहरूप्रति उनीहरूमा कम रुची हुन्छ ।

अहिले स्थानीय तह वा प्रादेशिक कार्यालयहरूमा प्रशासनमा सरकारले कर्मचारीहरू पढाउन खोज्दा ठूलो सङ्ख्यामा उनीहरू त्यहाँ जान तयार भएनन् । राजधानीमा प्राप्त हुने सुविधा वा भ्रष्टाचार गर्न पाइने सम्भावना पनि गाउँहरूमा कम उपलब्ध हुन्छन् । त्यसैले राजधानीभन्दा बाहिर जाने कार्यमा उनीहरूमा व्यापक अरूचि देखापर्यो । त्यसले देशको विकासप्रति उनीहरूमा कुनै खास रुचि नभएको कुरालाई बताउँछ । त्यस प्रकारको प्रशासन यन्त्र वास्तवमा देशको विकासका लागि गम्भीर अवरोध बन्न गएको छ । सरकारले विकासका लागि कैयौं नीति र योजना बनाउँछ । तर तिनीहरूलाई कार्यान्यन गर्ने वा कति कार्यान्वयन गर्ने ? त्यसबारे निर्णयात्मक भूमिका प्रशासन यन्त्रको नै हुन्छ । सरकार वा मन्त्रीहरूका नीति वा कार्यहरूमा पनि बढी असर प्रशासन यन्त्रको नै हुन्छ, स्वयं भ्रष्ट भएको प्रशासन यन्त्र, जसमा देशको विकास प्रति कुनै खास रुची छैन उनीहरूको आधारमा देश कति बन्न सक्ला त्यो कुराको सजिलैसित अन्दाज गर्न सकिन्छ । गत दशकहरूको अनुभवबाट पनि त्यो कुरामा कुनै शङ्का रहन्न । यहाँ यो कुरालाई पनि अस्वीकार गर्न सकिन्न कि प्रशासनमा कैयौं राम्रा विकासप्रिय अधिकारी वा कर्मचारीहरू पनि हुन्छन् । तर भ्रष्टकर्मचारीहरूले उनीहरूका विरुद्ध मोर्चाबन्दी गर्दछन् । ढिलो छिटो उनीहरूलाई हटाउँछन् वा काम गर्न असमर्थ बनाउँछन् । मन्त्रीहरूका विषयमा पनि त्यो कुरा सत्य हो । जुन मन्त्रीहरूले सच्चा जनसेवा र विकासको भावनाद्वारा प्रेरित भएर काम गर्दछन्, प्रशासन यन्त्रले उनीहरूलाई पूरै असहयोग गर्दछन् र उनीहरूलाई एक प्रकारले अपाङ्गजस्तो बनाइदिन्छन् ।

नेपाल प्राकृतिक स्रोत र साधनका दृष्टिले अन्यन्त धनि छ । जस्तो कि गतकामा कैयौं नेताहरूले भन्ने गरेका थिए, नेपाललाई स्विजलैण्ड वा सिङ्गापुर बनाउनु सम्भव छ । निश्चय नै देशलाई स्विटरलैण्ड, सिङ्गापुर, अमेरिका, इग्लैण्ड बनाउनु मात्र पर्याप्त हुन्न । त्यसबाट जनतालाई कति लाभ पुग्दछ ? त्यो कुरा निर्णयात्मक महत्वको कुरा हो । त्यो कुरा जे भएपनि त्यसबारेपछि बेग्लै विचार गर्ने छौं । प्राकृतिक साधनका दृष्टिले नेपाल स्विजलैण्ड वा सिङ्गापुर बन्ने सम्भावना छ । त्यसका लागि वस्तुगत आधार छ । देशमा विद्यमान भ्रष्टाचार र भ्रष्ट तथा नोकरशाही प्रशासन यन्त्रका कारणले देशको विकासमा बाधा पुगेको कुरा पहिले नै उल्लेख गरियो । त्यो बाहेक नेपालमा प्राकृतिक साधनहरूमाथि विदेशी शक्तिहरू, मुख्यत: भारतीय विस्तारवादले कब्जा गर्दै लगिरहेको छ । जुन प्राकृतिक स्रोत र साधनहरू मुख्यत: जलसम्पदामाथि उभिएर नेपाल संसारको नै एउटा अत्यन्त उन्नत देश बन्ने सम्भावना छ, तिनीहरूमाथि नै नेपालको स्वामित्व समाप्त हुँदै गएपछि नेपालको विकासको जरा नै काटिने छ र काटिदै गइरहेको छ ।

जब देशको प्राकृतिक स्रोत र साधनहरूमाथि बढ्दो विदेशी प्रभूत्वको कुरा आउँछ । राजनीतिक पार्टीका नेताहरूको राष्ट्रघाती र भ्रष्ट चरित्र हाम्रो अगाडि आउँछ । उनीहरूले किन एकपछि अर्को गर्दै नेपालका जलस्रोत विदेशीहरूलाई सुम्पदै गइरहेका छन् ? उनीहरूले नेपालभन्दा विदेशी शक्तिहरूप्रतिको मोह, विदेशी शक्तिहरूको दवाव, प्रलोभन वा कतिपय अवस्थामा उनीहरूको जाल बुझ्न नसकेर पनि त्यसो गरेका हुन सक्दछन् । बेग्लाबेग्लै नेताहरू वा सरकारले त्यसो गरेको हुन सक्दछन् । जे भएपनि त्यसरी नेपालको प्राकृतिक साधनहरू विदेशीहरूलाई सुम्पने कार्यबाट देशको विकासमा धेरै नै नोक्सान पुग्ने गरेको छ । देशको विकासका लागि त्यस प्रकारका सोचाइ वा क्रियाकलापहरूबाटमाथि उठ्नु पर्ने आवश्यकता छ । देशका राजनीतिक पार्टीहरू वा उनीहरूका सरकारहरूमा सच्चा देशभक्तिको भावना र देशको विकास प्रति रुची हुनुपर्दछ । त्यसो भयो भने देशको विकास हुन गाह्रो पर्नेछैन ।

विभिन्न आन्तरिक कारणहरूले पनि देशको विकासमा धेरै असर पर्दछ । त्यो बाहेक विभिन्न वाह्य कारणले पनि देशको विकासमा धेरै असर पर्दछ । हामीमा त्यस प्रकारका वाह्य कारण वा अवरोधहरूको सामना गर्ने उच्च प्रकारको स्वाभिमान र देशभक्तिको भावना हुनुपर्दछ । अन्यथा देश विदेशी शक्तिहरूमाथि आश्रित वा पराधीन हुँदै जानेछ वा त्यस्तो भइरहेको छ । वास्तविकता यो हो कि हाम्रो राष्ट्रिय चरित्रमा नै ठूलो ह्रास भएको छ । देशमा यस्ता तत्वहरूको कमी छैन, जसले हाम्रो छुद्र र सङ्कीर्ण लाभहरूका लागि देशका राष्ट्रिय हितहरूको परित्याग गर्ने वा सौदाबाजीसम्म गर्ने गर्दछन् । हाम्रो देशको किन विकास हुन सकेन ? त्यसका पछाडि यो कारणले पनि कम काम गरेको छैन ।

भारतीय विस्तारवादका कारणले पनि नेपालको विकासमा धेरै नै बाधा पुग्ने गरेको छ । नेपालको उद्योग, यातायात, प्रशासन, सुरक्षा, परराष्ट्रनीति, जलसम्पदा आदि सबैमाथि भारतले आफ्नो नियन्त्रण गर्न प्रयत्न गर्दै आएको छ । सरदार पटेलले नेपाललाई भारतमा नै गाभ्ने विचार प्रकट गरेका थिए । पछिका भारतीय शासक वर्गले त्यस प्रकारको विचार प्रत्यक्ष रूपले प्रकट गरेका छैनन्, यद्यपि छद्म रूपमा उनीहरूको उद्देश्य त्यही नै हो । अहिले अन्तर्राष्ट्रिय परिस्थिति, नेपालको उच्च प्रकारको राष्ट्रिय जागरण र राष्ट्रिय आन्दोलन तथा उत्तरमा चीनको उपस्थितिका कारणले पनि उनीहरूले प्रत्यक्ष रूपले नेपाललाई भारतमा गाभ्ने कुरा गर्न सकिरहेका छैनन् । तर नेपालप्रति उनीहरूले सिलसिलेवार रूपले नै दशकौंदेखि विभिन्न प्रकारका विस्तारवादी नीतिहरू अपनाउने गरेका छन् । त्यसले गर्दा पनि नेपालको विकासमा धेरै बाधा पुगिरहेको छ । अन्तर्राष्ट्रिय पारवहन सन्धिलाई अनुमोदन नगर्नु, व्यापारको विविधिकरणमा बाधा हाल्नु, नेपालको जलस्रोतमाथि आफ्नो स्वामित्व कायम गर्न प्रयत्न गर्नु, नेपालको संविधानलाई समर्थन गर्न अस्वीकार गर्नु, त्यसमा भारतीय विस्तारवादी आवश्यकतानुसार विभिन्न संशोधनहरू गर्न दवाव दिनु, त्यसका लागि दवाव दिन नेपालका विरुद्ध नाकाबन्दी लगाउनु, नेपालका प्राकृतिक स्रोतमाथि कब्जा जमाउनु, नेपालका उद्योग र व्यापारमाथि नियन्त्रण गर्नु, तराईलाई नेपालबाट अलग गराउन षडयन्त्र गर्नु आदि भारतले नेपाल प्रति अपनाउने गरेका विस्तारवादी नीतिहरूका केही नमूनाहरू हुन् । तर त्यस प्रकारका कार्यहरूको सूची त्योभन्दा धेरै लामो छ । भारतका लागि नेपालमा आफ्नो प्रभूत्व कायम गर्न नेपालको उत्तरी सीमामा रहेको चीनका कारणले पनि धेरै बाधा पुगेको छ । त्यसैले भारतले चीनसितको सम्बन्धको विस्तार, व्यापार, पारवहन, यातायातको विकासमा पनि सकेसम्म बाधा हाल्ने प्रयत्न रहँदै आएको छ । उनीहरूले नेपाल प्रतिका आफ्नो विस्तारवादी उद्देश्यहरू पूरा गर्न आफ्नो स्वार्थको पक्षमा काम गर्ने सरकारहरूको गठन गर्ने, कुनै सरकारले उनीहरूको स्वार्थको पक्षमा काम नगरेमा त्यसलाई अपदस्थ गर्ने पनि गर्दै आएका पनि कैयौं उदाहरणहरू छन् ।

भारतको त्यस्तो विस्तारवादी नीतिबाट पनि नेपालको विकासमा धेरै नै बाधा पुगेको छ । त्यस प्रकारको बाधाको दृढतापूर्वक सामना नगरिकन नेपालको विकास हुन सक्दैन । नेपालका राजनीतिक पार्टी वा सङ्गठनहरूका नेताहरूलाई यो 'भूत'ले सताएको पाइन्छ कि भारतीय समर्थन बिना नेपालमा सत्तामा जानु वा त्यसलाई कायम राख्न सम्भव छैन । नेपालका राजनीतिक पार्टी वा सङ्गठनहरूको भयदोहन गरेर उनीहरू नेपालका राजनीतिक पार्टी वा सङ्गठनहरूलाई आफ्ना विस्तारवादी नीतिका पक्षमा उपयोग गर्न बारम्बार सफल हुँदै आएका छन् । विभिन्न राजनीतिक पार्टीहरूलाई विभिन्न प्रकारले उपयोग गर्ने बाहेक उनीहरूले आफ्नो स्वार्थका पक्षमा काम गर्ने राजनीतिक सङ्गठनको पनि निर्माण गर्ने गरेका छन्, जस्तै कि तराईका मधेशवादी सङ्गठनहरू । यहाँ यो बुझ्नु पर्दछ कि भारतले नेपालमा जुन प्रकारका नीतिहरू अपनाउँदै आएको छ, त्यसका लागि उसलाई मात्र दोष दिएर पुग्दैन । नेपालका राजनीतिक पार्टीको अवसरवादी चरित्रका कारणले नै उसका लागि (भारतका लागि) नेपालका राजनीतिक पार्टीहरूलाई उपयोग गर्नु सम्भव भएको हो । जब देशका राजनीतिक पार्टी र जनतामा उच्च प्रकारको देशभक्तिको भावना देखापर्नेछ, कुनै वाह्य शक्तिले हामीहरूलाई देशका राष्ट्रिय हितका विरुद्ध उपयोग गर्न सक्ने छैन, त्यो अवस्थामा द्रुत गतिले देशको विकास हुने कुरा निश्चित र अवस्यम्भावी छ ।

भारतीय विस्तारवादको मात्र होइन । विश्वका सबै साम्राज्यवादी देशहरूले अल्पविकसित र पिछडिएका देशहरूलाई आफ्नो शोषणका लागि सुरक्षित क्षेत्रका रूपमा कायम राख्ने प्रयत्न गर्दछन् । त्यसरी अमेरिकन साम्राज्यवाद, युरोपियन यूनियन र बहुराष्ट्रिय कम्पनिहरूले पनि नेपालमा आफ्नो प्रभूत्व कायम गर्ने प्रयत्न गर्दै आएका छन् । त्यसले गर्दापनि नेपालको विकास पछाडि पर्ने गरेको छ । त्यसकारण त्यस प्रकारका सबै साम्राज्यवादी क्रियाकलापहरूको सामना गरेर नै नै देशको विकास हुन सक्दछ ।

देशको विकासका लागि सही विकास नीति अपनाउनुपर्ने आवश्यकता छ । अहिलेसम्मका सबै सरकारहरूले अपनाउने गरेको विकास नीति केन्द्रिकृति र नोकरशाही प्रकारको छ । सरकारले आफ्नो विकास योजनाहरूका सन्दर्भमा राजधानी र केही ठूला शहरहरूलाई नै उच्च प्राथमिकता दिने गर्दछ । विकासका लागि बजेटको विनियोजन गर्दा पनि ग्रामीण क्षेत्र, दुरवर्ती र दुर्गम तथा पिछडिएका क्षेत्रहरूको उपेक्षा गर्ने गर्दछ । ती क्षेत्रहरू पिछडिएका पनि यसकारण हुन्छन् कि सरकारले ती क्षेत्रको उपेक्षा गर्ने गर्दछ । अर्का शब्दमा, गत केही दशकहरूको बजेट विनियोजन वा विकासको योजनाहरूको मूल्याङ्कन गर्ने हो भनेपनि त्यो कुरा प्रष्ट हुनेछ । एकातिर, देशका विभिन्न भागहरूमा र, अर्कातिर, शहरी र ग्रामीण क्षेत्रहरूको विकासको सूचकाङ्कको विश्लेषण गर्ने हो भने पनि त्यो कुरा प्रष्ट हुन्छ । त्यो अवस्थामा देशको सवार्गिण विकासका लागि विकेन्द्रित र सन्तुलित प्रकारको विकास नीति अपनाउनु पर्ने आवश्यकता छ ।

संसारका धेरै देशहरू विकासको उच्च शिखरमा पुगेका छन् । तर त्यो विकासको स्वरूप पूँजीवादी प्रकारको बढी छ । केही मुट्ठीभर व्यक्तिहरूले उत्पादनका साधन वा सम्पत्तिमाथि ठूलो मात्रामा कब्जा जमाउँछन्, बहुसङ्ख्यक जनताले अत्यन्त कष्टप्रद र गरिबीको अवस्थामा जीवन बिताइरहेका हुन्छन् । बाहिरबाट हेर्दा देश धनि र विकसित देखिन्छ । तर वास्तविक रूपमा त्यहाँ भोकमरी, अभाव र गरिबी हुन्छ । कुनै देशको सही अर्थमा विकास त्यो बेला नै हुन्छ, जब जेजति विकास हुन्छ, त्यसको बहुसङ्ख्यक जनतामा न्यायपूर्ण वितरण हुन्छ । हामीले यो प्रयत्न गर्नुपर्दछ कि विकासबाट हुने उपलब्धिहरूको जनतामा अधिकतम न्यायपूर्ण वितरण होस् ।

कुनै देशमा जति विकास भएपनि त्यसको ठूलो अंश केही मुट्ठीभर उच्च वर्गहरूमा जान्छ । कुरा त्यति मात्र हुन्न । देशभित्र जति विकास हुँदै जान्छ, त्यति नै विदेशी पूँजीपतिहरू देशभित्र आकर्षित हुँदै जान्छन् । देशभित्र उद्योग, पर्यटन, होटल व्यवसायी, खानी आदिको विकास हुँदै गयो भने विदेशी पूँजी तुरुन्त त्यहाँ आफ्नो एकाधिकार कायम गर्न आइपुग्दछ । त्यसरी राष्ट्रिय आम्दानीको ठूलो भागमाथि विदेशी पूँजीपतिहरूले कब्जा जमाउँछन् । त्यस्तो हुन नदिनका लागि देशमा उच्च प्रकारको राष्ट्रिय स्वाभिमान र देशभक्तिको भावना चाहिन्छ । विदेशी पूँजीले आफ्ना स्वार्थहरूलाई सुनिश्चित बनाउनका लागि देशका राजनीतिक पार्टी, नेता वा सरकारहरूलाई किन्ने गर्दछन् र त्यसपछि उनीहरूले (राजनीतिक पार्टी, नेता वा सरकारहरूले) राष्ट्रिय हितका विरुद्ध विदेशी शक्तिहरूको सेवा गर्ने गर्दछन् ।

माथिको संक्षिप्त विवरणबाट के कुरा प्रष्ट हुन्छ भने कुनै पनि देशमा खालि अमूर्त रूपले विकासको कुरा गरेर पुग्दैन । कुनै देशको कति विकास हुन्छ र त्यो विकास कुन दिशामा हुन्छ ? त्यसले जनता वा देशलाई कति लाभ पुग्दछ ? त्यो कुराको फैसला राजनीतिले गर्दछ । राजनीति मात्र भनेर हुन्न, कुन प्रकारको राजनीति हो ? त्यो निर्णयात्मक महत्वको प्रश्न हो । कुन प्रकारको राजनीति अपनाउने पार्टी सत्तामा पुग्दछ ? त्यो निर्णयात्मक महत्वको कुरा हो । देश, जनता वा देशको विकास प्रति इमान्दार नभएका वा विदेशी स्वार्थको पक्षमा काम गर्ने राजनीतिक शक्तिहरू सत्तामा पुगे भने त्यसको परिणाम के र कस्तो हुन्छ ? त्यो कुरा अहिलेसम्मको देशको इतिहासबाट प्रष्ट हुँदै आएको छ । त्यही प्रकारको सिलसिला अगाडि बढ्दै गयो भने देश एक प्रकारको गोलचक्कर (भिसस सर्कल)मा घुमिरहन्छ । त्यो गोलचक्रलाई नतोडिकन देशको विकास हुन सक्दैन । त्यो अवस्थामा यो प्रश्न अगाडि आउँछ : त्यो गोलचक्करलाई कसरी तोड्ने ?

(फेसबुकबाट साभार)

विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानमा नयाँ कार्यसमिति

काठमाडौं । विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानको दोस्रो साधारणसभा सम्पन्न भएको छ । नेपाली भाषा, साहित्य, कला, संस्कृतिको उन्नयन गर्ने र विश्वभर छरिएर रहेका नेपाली श्रष्टाहरुबीच सम्बन्ध सेतुको काम गर्ने उद्देश्यले स्थापित प्रतिष्ठानमा पुनः गोपीकृष्ण प्रसाईं अध्यक्ष चुनिएका छन् ।

अनामनगरस्थित विनायो रेस्टुराँमा बुधबार बिहान प्रमुख अतिथि पूर्वमन्त्री हरिप्रसाद न्यौपानेले मैनबत्ती प्रज्ज्वलन गरी साधारणसभाको उद्घाटन गर्नुभएको थियो । पूर्वराजदूत प्रल्हादकुमार प्रसाईं, समाजसेवी तथा प्रसाईं ट्रस्टका उपाध्यक्ष श्रीकृष्ण प्रसाईं, पत्रकार, साहित्यकार, समाजसेवी लक्ष्मी प्रसाईं, साहित्यकार तथा संस्थाका सल्लाहकार किशोर उप्रेती, वरिष्ठ साहित्यकार लक्ष्मी उप्रेतीलगायतले मञ्चमा आतिथ्यता ग्रहण गर्नुभएको कार्यक्रममा साहित्यकार, पत्रकार तथा समाजसेवीहरुको उपस्थिति रहेको थियो ।

साधारणसभाले कोषाध्यक्ष रीता शिवाकोटी, अध्यक्ष गोपीकृष्ण प्रसाईंद्वारा प्रस्तुत प्रतिवेदन पारित गऱ्यो । यसैगरी सभाले विधान संशोधनको अनुमति प्रदान गर्नुका साथै नयाँ कार्यसमिति र सल्लाहकारहरुको चयन समेत गरेको छ । साधारणसभामा कल्पना पाठक, तेजेन्द्र प्रसाईं, राधिका दाहाल, हरिप्रसाद

न्यौपाने, रश्मि रिमाललगायतका कवि कवयित्रीहरुले कविता, गजल, मुक्तक वाचन गर्नुभएको थियो ।

संस्थाको नवगठित कार्यसमितिमा गोपीकृष्ण प्रसाईं अध्यक्ष, लक्ष्मी उप्रेती वरिष्ठ उपाध्यक्ष, तेजेन्द्र प्रसाईं उपाध्यक्ष, पुकार तिमिल्सिना महासचिव, कोपिला शिवाकोटी खरेल सचिव, रीता शिवाकोटी कोषाध्यक्ष, विनोद श्रेष्ठ सहकोषाध्यक्ष र सदस्यहरुमा अस्मिता भण्डारी, राधिका दाहाल, तीर्थराज दाहाल, कल्पना पाठक चुनिनुभएको छ ।

प्रतिष्ठानको सल्लाहकारमा पूर्वमन्त्री हरिप्रसाद न्यौपाने, पूर्वराजदूत प्रल्हादकुमार प्रसाईं, गीतकार उन्नति बोहोरा शिला, कथाकार जलेश्वरी श्रेष्ठ, समाजसेवी वरिष्ठ पत्रकार लक्ष्मीप्रसाद प्रसाईं, समाजसेवी किशोर उप्रेती, साहित्यकार बाबा बस्नेत चुनिनुभएको छ ।

प्रतिष्ठानका संरक्षक तथा कार्यक्रमका विशिष्ट अतिथि पूर्वराजदूत प्रल्हादकुमार प्रसाईंले नयाँ नेतृत्वलाई बधाई दिँदै प्रतिष्ठानको उज्ज्वल भविष्यको कामना गर्नुभयो । प्रमुख अतिथि पूर्वमन्त्री हरिप्रसाद न्यौपानेले नेपाली साहित्य, साहित्यकार र धर्म संस्कृतिबारे रोचक ढंगले मन्तव्य प्रस्तुत गर्दै शुभकामना दिनुभएको थियो । अध्यक्षको आसनबाट प्रतिष्ठानका अध्यक्ष गोपीकृष्ण प्रसाईंले नेपाली साहित्यको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत श्रीवृद्धि गर्ने उद्देश्यले खोलिएको प्रतिष्ठानको बेलायतमा खगेन्द्र पाठकको अध्यक्षतामा शाखा गठन भएको र अमेरिकामा ईश्वरी सिटौलाको अध्यक्षतामा शाखा गठन गर्ने तयारी रहेको जानकारी दिनुभयो । अमेरिकाबाट इन्जिनियर ईश्वरीप्रसाद सिटौला र राम विमलीले संस्थाको साधारणसभा खर्चको लागि आर्थिक सहयोग गरेको जानकारी पनि दिनुभएको थियो । अमेरिकाबाट आउनुभएका साहित्यकार तोम सिटौलालाई पनि कार्यक्रममा खादा ओढाएर सम्मान गरिएको थियो । कार्यक्रमको स्वागत मन्तव्य लक्ष्मी उप्रेतीले र सञ्चालन तेजेन्द्र प्रसाईंले गर्नुभएको थियो ।

इरानमाथि अमेरिकाको ज्यादती

विष्णु भट्टराई

हालै मात्र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको परमाणु सम्झौताबाट अमेरिका अलग भएको घोषणा गरेका छन् । पूर्वराष्ट्रपति बाराक ओबामाले गरेका महत्वपूर्ण राष्ट्रिय अन्तर्राष्ट्रिय निर्णयहरुलाई ट्रम्पले एकपछि अर्को गर्दै उल्टाउँदै आएका छन् । इरानसँगको परमाणु सम्झौताबाट अमेरिका अलग हुनुहुँदैन भन्ने अमेरिकाका सहयोगी देशहरुका साथै युरोपेली युनियनको आग्रहलाई समेत ट्रम्पले बेवास्ता गर्दै सो सम्झौता रद्द भएको बताएका छन् । ट्रम्पको यो घोषणाले मध्यपूर्वमा सनसनी मच्चिएको छ ।

पछिल्लो समयमा ट्रेड वार' को मनस्थितिमा रहेको अमेरिकाको चीनसँग पनि सम्बन्धमा चिसोपना आएको छ । उसले इरानसँगको परमाणु सम्झौताबाट पछि हट्ने अमेरिकी निर्णयबारे कुनै प्रतिक्रिया जनाएको छैन । यद्यपि, राष्ट्र संघसहित अन्तर्राष्ट्रिय समुदायको व्यापक विरोधकाबीच अमेरिकी राष्ट्रपति ट्रम्पले गरेको सम्झौताबाट पछि हट्ने निर्णय आलोचित बनेको छ । यसअघि उनको पेरिस सम्झौताबाट पछि हट्ने निर्णय पनि यसरी नै आलोचित बनेको थियो । मध्यपूर्व (पश्चिम एसिया) को राजनीति तथा सैन्य क्षेत्रमा बलियो उपस्थिति रहेको इरानलाई वैश्विक कूटनीतिबाट चौतर्फी रूपमा घेरा. हाल्ने रणनीतिअनुसार ट्रम्पले परमाणु सम्झौता रद्द गर्ने चाल चले । यसले आगामी दिनमा पश्चिम एसियाली राष्ट्रको राजनीतिक परिदृश्यमा कस्तो असर पर्छ भन्ने अड्कलबाजी सुरु भएका छन् । इरानसँगको सम्झौता रद्द गर्ने ट्रम्पको निर्णयको यस क्षेत्रका साउदी अरब र इजरायलले मात्रै स्वागत गरेका छन् । यी दुवै राष्ट्र इरानलाई प्रमुख दुस्मनका रूपमा लिन्छन् । तर, इरान आफ्नो पुरानै मार्गमा निरन्तर अघि बढिरहेको देखिन्छ र उनले अमेरिकी चालसँगै कुनै चाल बदलेको अनुभूति गराएको छैन । तर, अमेरिकाको पछिल्लो पछि हटाइले इरानलाई आफ्ना आणविक हतियार विकासमा सघाउ पुऱ्याउने चिन्ता थपिएको छ ।

दुई वर्षको विवादपछि जुलाई २०१५ मा इरानसँग भएको सम्झौतामा अमेरिकासहित बेलायत, रुस, फ्रान्स, चीन, जर्मनीले समेत हस्ताक्षर गरेका थिए । सो सम्झौताअनुसार इरानले परमाणु कार्यक्रम रोक्ने र पश्चिमा राष्ट्रले इरानमाथि लगाएको आर्थिक प्रतिबन्ध हटाउने सहमति भएको थियो । इरानले यो सम्झौता तोडेकोमा अमेरिकाको कडा आलोचना गरेको छ भने अन्य राष्ट्रले पनि सम्झौताबाट पछि हट्ने निर्णयले परमाणुको भविष्यमाथि समेत प्रश्न उठ्ने चिन्ता जनाएका छन् । यरोपेली संघका विदेश मामला प्रमुख फेडेरिका मोघेरिनीले संघ परमाणु सम्झौतालाई कायम राख्नुपर्नेमा प्रतिबद्ध रहेको जनाएका छन् । ट्रम्पको यो निर्णयमाथि टिप्पणी गर्दै पूर्वअमेरिकी विदेशमन्त्री तथा यो सम्झौतामा पुग्नका लागि अमेरिकाका तर्फबाट वार्तामा सहभागी भएका जोन केरीले ट्वीट गर्दै भनेका छन्, 'केही वर्षअघि संसारसामु जुन चुनौती थियो, यो कदमले हामीलाई त्यही पुऱ्याइदिएको छ ।'

जुलाई सन् २०१५ मा ओबामा प्रशासनसँग भएको यो सम्झौता (ज्वाइन्ट कम्प्रिहेन्सिभ प्लान अफ एक्सन) अनुसार इरानमाथि हतियार खरिद गर्न पाँच वर्षसम्मको प्रतिबन्ध लगाइएको थियो भने मिसाइल प्रतिबन्धको समयसीमा ८ वर्षको बनाइएको थियो । बदलामा इरानले आफ्नो परमाणु कार्यक्रमको ठूलो हिस्सा बन्द गर्दै बाँकी हिस्साको निगरानी पनि अन्तर्राष्ट्रिय निरीक्षकबाट गराउन सहमत भएको थियो ।

सम्झौतामा हस्ताक्षर गरेका बेलायत, फ्रान्स र जर्मनीले ट्रम्पलाई यसबाट अलग नहुन अपिल गरेका थिए । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंले आफ्नो पछिल्लो अमेरिका भ्रमणका क्रममा इरानसँग भएको सम्झौता उत्कृष्ट नभए पनि यसको कुनै विकल्प नभएको बताएका थिए । यी देशले ट्रम्पले जुनसुकै फैसला गरे पनि आफूहरू इरानसँगको सम्झौतामा कायम रहने संकेत त्यसबेला नै दिएका थिए । ओबामाले भने त्यसबेला संसारसामु यो सम्झौता 'बेस्ट डिल' भएको बताएका थिए । त्यसबेला ह्वाइट हाउसले इरानसँग करिब २० हजार सेन्ट्रिफ्युज र युरेनियमको पर्याप्त भण्डार रहेको र यसबाट दुई महिनामा ८ देखि १० वटा बम बनाउन सकिने तर यो सम्झौताले यो प्रक्रियामा एक वर्षभन्दा बढी समय लाग्ने दलिल पेस गरेको थियो । इन्टरनेसनल एटोमिक इनर्जी एजेन्सी (आईएईए) ले पुष्टि गरेपछि सन् २०१६ मा इरानमाथिको आर्थिक प्रतिबन्ध हटाइएको थियो ।

इरान सम्झौता तोडिनुको पछिको सबैभन्दा प्रमुख कारण भनेको अमेरिका र इरानबीचको संघर्ष होइन । ट्रम्प प्रशासनकै रक्षामन्त्री जेम्स माटिसलाई आधार मान्ने हो भने पनि इरानले परमाणु सम्झौताअनुसारका सर्तको पालना गरिरहेको छ । अर्को कुरा इरानको परमाणु कार्यक्रमको निशानामा अमेरिका र युरोप हुँदै होइनन् र उनीहरूलाई खतरा पनि छैन । समस्या

इजरायल र साउदी अरबको हो, जो इरानको क्षेप्यास्त्र कार्यक्रमको निशानामा पर्न सक्छन् । अमेरिका इजरायल र साउदीको पक्षमा उभिँदै आएको छ ।

वासिंगटनको नेसनल डिफेन्स युनिभर्सिटीका प्राध्यापक तथा लेखक हसन अब्बास पनि ट्रम्पको नीति इरानको सट्टामा साउदी र इजरायलजस्ता अमेरिकाका पुराना सहयोगी देशलाई सहयोग गर्नु हो, जसबाट अमेरिकाको आर्थिक हित जोडिएको छ भन्नेमा सहमत छन् । बाहिर हेर्दा सामान्य लागे पनि यो सम्झौता अन्त्यका पछि अमेरिकाको ठूलो आर्थिक स्वार्थ जोडिएको छ । अमेरिकाबाट सबैभन्दा बढी हतियार साउदीले नै किन्ने गर्छ । सन् २०१३-१७ सम्मको आँकडा हेर्ने हो भने अमेरिकाले बेचेकामध्ये आधा हतियार मध्यपूर्वमा भित्रिएका थिए । इरानमाथि थप प्रतिबन्ध लगाएर आर्थिक रूपमा धरासायी बनाउन सकिएमा पश्चिम एसियामा इजरायल र साउदी अरबलाई ठूलो सहयोग पुग्नेछ । साउदीले अमेरिकासँग अरबौं डलरका हतियार किन्दै आएको छ । अर्कोतर्फ इरान पनि यो क्षेत्रको कच्चा खेलाडी भने होइन, साउदी र इजरायलसँगको तनावकाबीच उसले आफ्नो परमाणु कार्यक्रमलाई अघि बढाउने संकेत दिएको छ । यसले मध्यपूर्वको शान्तिको प्रयासलाई झनै पछि धकेलिदिनेछ । अर्कोतर्फ इरानले मध्यपूर्वमा आफ्नो शक्तिलाई निरन्तर विस्तार गरिरहेको छ । सिरिया सरकारको मुख्य सहयोगी रहेको इरानले लेबनानको हिज्बुल्ला, यमनको हुथी विद्रोहीलाई समर्थन गरिरहेको छ ।

राष्ट्रपति ट्रम्पले टेलिभिजन सम्बोधनमा बृहत पारमाणविक सम्झौता त्रासदीपूर्ण र एकपक्षीय भएको आरोप लगाएका छन् । अमेरिका र उसका सहयोगीलाई संरक्षण गर्नुको सट्टा सम्झौताले इरानको आणविक गतिविधिलाई प्रोत्साहन गरेको उनको आरोप छ । सम्झौता इरानको ब्लास्टिक मिसाइलको विकासबारे मौन रहेको र इरानका आणविक गतिविधिलाई लगाम लगाउने संयन्त्र शक्तिशाली नभएको उनको भनाइ छ । इरानका उद्योग, तेल क्षेत्र, इरान निर्यात गर्ने विमान निर्मातालाई लक्षित गरी प्रतिबन्ध लगाइने ट्रम्पको घोषणा छ । इरानमा काम गर्ने युरोपेली कम्पनीहरुलाई काम गर्न रोक लगाइने र नमानेमा उनीहरुमाथि प्रतिबन्ध लगाइने अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जोन बोल्टनले बताएका छन् । आणविक सम्झौताबाट अमेरिका अलग भएपछि सम्झौतामा हस्ताक्षर गर्ने अन्य राष्ट्रहरु चकित परेका छन् । ट्रम्पको निर्णयबाट दुःखित भएको रसियाले बताएको छ । अमेरिका अलग हुँदैमा सम्झौता मृत नभएको फ्रान्सेली विदेशमन्त्री ड्रेनको भनाइ छ । सम्झौता गर्न महत्वपूर्ण भूमिका खेलेका अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामाले सम्झौताले अमेरिकी चासो रक्षा गरेको बताएका छन् । अमेरिकी कदमको इरानका मुख्य प्रतिद्वन्द्वी मुलुक साउदी अरेबिया र इजरायलले समर्थन गरेका छन् । पारमाणविक सम्झौता तोडेकोमा इरानले अमेरिकाको निन्दा गरेको छ । इरानका राष्ट्रपति हसन रुवानीले अमेरिकी निर्णयको विरोध गर्दै वाशिंगटन विरुद्ध बदला लिने चेतावनी दिएका छन् । इरानले आगामी दिनमा युरोनियम प्रवर्द्धनलाई तीव्रता दिने र आणविक हतियार निर्माण कार्य बढाउने चेतावनी दिएको छ ।

इरानसँग सन् २०१५ मा भएको परमाणु सम्झौता खारेज गरेको अमेरिकाले पुनः पुराना कडा प्रतिबन्ध लगाउने घोषणा गरेको छ । आणविक सम्झौतापछि तत्कालीन राष्ट्रपति बाराक ओबामाले प्रतिबन्ध फुकुवा गरेका थिए । तर, हालै अमेरिकाले इरानसँगको सो पारमाणविक सम्झौता रद्द गरेपछि पुराना प्रतिबन्ध पुनः लगाउने भएको हो । अमेरिकी विदेशमन्त्री माइक पोम्पेओले हालै मात्र अमेरिकाले इरानसँगको पारमाणविक सम्झौता रद्द गरेपछि यसअघि फुकुवा गरेका सबै प्रतिबन्ध पुनः लगाइने तथा इरानले नयाँ आर्थिक प्रतिबन्धको पनि सामना गर्नुपर्ने बताएका छन् ।

अमेरिकाको हालैको सो कदमअन्तर्गत इरानमाथि नयाँ खालको र एक शक्तिशाली आर्थिक दबाब पनि सिर्जना गर्न सकिने विदेशमन्त्री पोम्पेओले दाबी गरेका छन् । अमेरिकाको यस कदमको युरोपेली संघ तथा सन् २०१५ मा इरानसँग पारमाणविक सम्झौता गरेका विश्वका अन्य शक्ति राष्ट्रले भने विरोध गरेका छन् ।

युरोपेली युनियनका विदेश नीति प्रमुख फेडेरिका मोगेरिनीले अमेरिकाको यस कदमको आलोचना गर्दै यसबाट युरोप र मध्यपूर्वी देशमा पनि असर पर्न सक्ने बताएकी छन् । उनले भनेकी छन्, 'इरानसँगको सन् २०१५ को पारमाणविक सम्झौताबाट अमेरिका मात्र एक्लै बाहिरिँदा मध्यपूर्वको सुरक्षाको बारेमा पनि सोच्नुपर्नेमा त्यसो हुन नसकेकाले यसबारे सोच्नुपर्दछ ।'

सन् २०१५ भन्दा अघिका तथा हालैको यो नयाँ घोषणाभन्दा पनि अघिका अमेरिकी प्रतिबन्धले इरानसँगको सबै व्यापारमा रोक लगाएका थिए । अब त्यसमा झनै कडाइ गरिने बताइएको छ । विदेशमन्त्री पोम्पेओले इरानको आक्रमक गतिविधि रोक्नका लागि पेन्टागन र क्षेत्रीय सहयोगी शक्तिले मिलेर काम गर्ने बताएका छन् ।

अमेरिकी विदेशमन्त्रीको रूपमा विदेश नीतिलाई लिएर आफ्नो पहिलो महत्वपूर्ण भाषणमा पोम्पेओले इस्लामिक गणतन्त्र इरानलाई घुँडा टेकाउन 'प्लान बी' को घोषणा गरे । उनले इरानसँग नयाँ सम्झौताका लागि १२ वटा सर्त राखेका छन् । जुन सर्तमा सिरियाबाट आफ्ना सेना फिर्ता बोलाउनुपर्ने र यमनका हुथी विद्रोहीलाई समर्थन गर्न छाड्नुपर्नेलगायतका सर्त रहेका छन् ।

यसैगरी, अन्तर्राष्ट्रिय परमाणु ऊर्जा एजेन्सी (आईएईए) लाई आफ्नो यसअघिको परमाणु सैन्य कार्यक्रमबारे जानकारी दिन तथा यसलाई आगामी दिनमा बन्द गर्नुपर्ने, आफ्ना छिमेकी देशमाथि धम्की दिने खालका व्यवहार बन्द गर्नु उल्लेख रहेको छ । यसमा इजरायल र साउदीमाथि इरानले अपनाउँदै आएको कडा नीति पनि पर्दछन् ।

यस्तै, इरानमा विभिन्न गतिविधिमा सामेल भएर पक्राउ परेका अमेरिकी र अन्य उसका सहयोगी देशका नागरिकलाई पनि इरानले बिना सर्त छाड्नुपर्नेछ । इजरायलको आणविक हतियार कार्यक्रम, प्यालेस्टाइनमाथिको हस्तक्षेप र साउदीलाई हतियार बेच्दै आएको अमेरिकाले उनीहरूलाई सहयोग हुनेगरी इरानलाई यस क्षेत्रमा आगामी दिनमा कुने गतिविधि गर्ने शक्ति नहुनेगरी नियन्त्रण गर्न खोजेको छ ।

यसैबीच, अमेरिकाले घोषणा गरेको नयाँ प्रतिबन्धको इरानले कडा शब्दमा विरोध गरेको छ । उसले तेहरानविरुद्ध अमेरिकाले इतिहासकै सबैभन्दा कडा प्रतिबन्ध लगाउने भन्ने अमेरिकी विदेशमन्त्रीको भनाइको निन्दा गरेको छ । इरानका राष्ट्रपति हसन रुहानीले इरान र विश्वका लागि पनि अमेरिकाको कदम घातक भएको बताएका छन् ।

उनले अमेरिकाले लगाएको कडा प्रतिबन्ध अन्तर्राष्ट्रिय कानुनविपरीत भएको पनि बताए । इरानी विदेशमन्त्री जवाद जारिफले अमेरिकी विदेशमन्त्री माइक पोम्पेओले घोषणा गरेको कदम अमेरिकाको असफल नीतिको परिणाम भएको टिप्पणी गरेका छन् ।

(एजेन्सीहरुको सहयोगमा)

रोचक संसार

विश्वकै सानो घर



वैज्ञानिकहरु विश्वकै सबैभन्दा सानो घर बनाउन सफल भएका छन् । नानो टेक्नोलोजीको प्रयोग गरी उक्त घर बनाइएको हो । उक्त घरको क्षेत्रफल जम्मा ३ सय वर्ग माइक्रोमिटर छ । स्मरणरहोस् एक माइक्रोमिटर भनेको एक मिलिमिटरको हजार भागको एक भाग मात्र हो ।

उक्त घर बनाउनका लागि प्रयोग गरिएको रोबोटिक प्रणालीले सटिक रुपमा नानो मेटेरियललाई निश्चित ढाँचामा जोड्न सक्दछ ।

जर्नल अफ भ्याकुम साइन्स एण्ड टेक्नोलोजी ए नामक पत्रिकामा उक्त घर निर्माणका विषयमा रिपोर्ट प्रकाशित भएको छ ।

अनुसन्धानकर्ता आयन गन्सले इलेक्ट्रोन विम तथा नियन्त्रित रोबोटिक पाइलटिङमा परिवर्तन गरी अप्टिकल सेन्सिंग टेक्नोलोजीलाई अझै उत्कृष्ट बनाएका रिपोर्टमा उल्लेख छ ।

फ्रान्सको फेम्टो एसटी इन्स्टिच्यूटका शोधकर्ताहरुले उक्त भवन बनाउनका लागि नयाँ माइक्रोबोटिक्स प्रणाली तयार गरे । जसबाट उनीहरुले अप्टिकल नानो प्रविधिको विद्यमान सिमाहरुबाट अघि बढ्न सफल भए ।

शोधकर्ताहरुको यो सफलताले जेट इन्जिन तथा रक्तनली जस्ता ठाउँमा पनि रौं बराबरको सानो अप्टिकल फाइबर पनि राख्न सकिने अपेक्षा जागृत भएको बताइएको छ ।

१२८ वर्षकी महिला

गिनिज बुकको औपचारिक रेकर्ड अनुसार जापानकी ११७ वर्षीया चिया मियाको विश्वकी सबैभन्दा पाको उमेरकी मानिस हुन् । तर दुनियाँमा यिनीभन्दा ११ वर्ष जेठी अर्की महिला गुमनाम छिन् । यी महिलाको उमेर १ सय २८ वर्ष भएको दाबी गरिएको छ । उनले अर्को आफ्नो १ सय २९ औं जन्मदिन मनाउँदैछिन् ।

रुसी नागरिक कोकु इस्ताम्बुलोभाले जीवनका १२८ वर्ष व्यतीत गरिरहँदा आफूले जीवनमा एक दिनपनि खुसी र सुखको अनुभुति नगरेको बताउँछिन् । रुसी क्रान्ति सफल भएर अन्तिम जार शासकलाई हटाउँदा उनी २७ वर्षकी थिइन् । दोश्रो विश्वयुद्ध समाप्त हुँदा उनी ५५ वर्षकी थिइन् भने सोभियत संघ टुक्रिँदा १०२ वर्षकी भैसकेकी थिइन् । चेनन्याकी बासिन्दा इस्ताम्बुलोभाले मासु खाँदनिन् तर दूध(दही भने मज्जाले खान्छिन् । आफू कसरी यति धेरै उमेरसम्म बाँचे भन्ने उनलाई थाहा छैन । तर आफ्नो लामो जीवन आफ्ना लागि सजाय जस्तै भएको उनको भनाइ छ । उनी आफैंले मात्र आफू १ सय २८ वर्षको दाबी गरेकी होइनन् । बकाइदा सरकारी कागजातमा पनि उनको उमेर यहीं छ । उनको राहदानीमा जन्ममिति १ जुन १८८९ रहेको छ । दोश्रो विश्वयुद्धमा आफ्नो गाउँमा जर्मन सेनाका ट्यांकरहरु कुँदिरहेको त्रासद घटना उनी अहिले पनि सम्झिन्छिन् । पछि रुसी शासक स्टालिनले नाजीसँग सहकार्य गरेको आरोपमा पूरै चेचेन राज्यका मानिसहरुलाई कजाखस्तान र साइबेरियामा स्थानान्तरण गरेका थिए । तपाईं कसरी यतिधेरै बाँच्नुभयो भन्ने प्रश्नमा उनी आफूले बाँच्नका लागि केही नगरेको र यो सबै भगवानको देन भएको बताउँछिन् ।

बाँदरलाई सम्पत्ति

मानिसका क्रियाकलाप तथा रुचीहरु पनि अनौठा हुने । छिमेकी मुलुक भारतको उत्तरप्रदेशस्थित रायबरेली जिल्लामा बस्ने एक महिलाले आफ्नो नाममा रहेको सबै धनसम्पत्ति एक बाँदरको नाममा गरिदिएकी छिन् ।

रायबरेलीको शक्तिनगरमा बस्ने कवयित्री सबिस्ताले १३ वर्षअघि देखि एउटा बाँदर घरमा पाल्दै आएकी थिइन् । बाँदरको नाम चुनमुन हो । आफ्नो जीवनमा चुनमुन आएसँगै बदलिएको उनको भनाइ छ ।

बाँदरबाट उनी यतिधेरै खुसी भइन् कि आफ्नो सारा सम्पत्ति बाँदरलाई सुम्पिइन् । यो गत वर्षको कुरा हो । तर दुर्भाग्य गएको वर्ष चुनमुनको मृत्यु भयो । आफ्नो प्रिय बाँदर मरेसँगै सबिस्ता ठूलो पीडामा परिन् । मुस्लिम धर्म मान्ने सबिस्ताले त्यसपछि घरमा बाँदरको मन्दिर बनाएकी छन् । गत मंगलबार उक्त मन्दिरमा राम लक्ष्मण तथा बाँदरको मूर्तिको प्राणप्रतिष्ठा गरिएको छ । मुस्लिम भएर पनि आफ्नो बाँदरप्रेमका कारण घरमा मन्दिर बनाउने यी महिलाको लगाव साँच्चिकै उदाहरणीय छ ।

निलो ट्राफिक लाइट

ट्राफिक लाइट भन्ने बित्तिकै रातो, हरियो र पहेँलो गरी तिनवटा बत्ती बुझिन्छ । हामीले देख्दै आएको पनि

यहीँ हो हाम्रो देशमा । तर एउटा यस्तो देश छ, जहाँ ट्राफिक लाइटमा निलो रङ समेत हुन्छ । हो, जापानमा निलो रङको ट्राफिक लाइट हुन्छ । ट्राफिक लाइटमा प्रयोग गरिने निलो बत्तीलाई जापानमा एओ भनिन्छ ।

जापानमा प्राचीन कालमा केवल सेतो, कालो, निलो र रातो शब्दको मात्र प्रयोग हुन्थ्यो । यस्तोमा निलो र हरियो दुबै रङका लागि एओ शब्द प्रयोग गरिन्थ्यो । पछि चाहीं हरियो रङका लागि मिडोरी शब्दको विकास भयो । यद्यपि जनजिब्रोमा अहिलेपनि हरियो रङका लागि एओ शब्द नै प्रचलनमा छ । दुनियामै नभएको ट्राफिक लाइट जापानमा हुनु यिनै दुई शब्दको हेरफेरको परिणाम हो ।

जापानमा सन् १९३० देखि नै सडकमा ट्राफिक लाइट राख्न सुरु गरिएको थियो । ट्राफिक लाइटको सुरुवातबाटै हरियो रङ गाडी गुड्नका लागि संकेतको रुपमा प्रयोग गरिएको थियो । ट्राफिक लाइटको रङ हरियो भएपनि त्यसलाई निलो अर्थात् एओ नामाकरण गरिएको थियो लिखित दस्तावेजमा । ट्राफिक बत्तीको गलत नामाकरणकै कारण जापानले सन् १९६८ मा भएको भियना कन्भेन्सन अन रोड साइन एण्ड सिग्नल नामक सन्धीमा हस्ताक्षर गरेको थिएन । अहिले पनि सरकारी दस्तावेजहरुमा निलो ट्राफिक लाईटलाई मिडोरी होइन एओ नै लेखिएको छ ।

ट्राफिक लाइटको रङ हरियो तर नाम निलो भएर समस्या उत्पन्न भएपछि जापानले समस्याको समाधानका लागि नाम नफेर्ने बरु हरियो ट्राफिक लाइटलाई नै बदल्ने निधो गर्यो । र, अन्तराष्ट्रिय कानूनको सकेसम्म पालना गर्ने प्रयत्न गर्यो ।

सन् १९७३ मा सरकारले तत्कालिन अवस्थामा रहेको प्रचलित हरियो रङको ट्राफिक बत्तीको रङ परिवर्तन गरी हरियो मिसिएको जस्तो गाढा निलो बनाउने निर्णय गर्यो । त्यसैले अहिलेपनि जापानका ट्राफिक बत्तीमा हरियोको साटो निलो रङ रहेको छ ।

वक्षस्थलमा तातो दुंगा

दुनियाँमा कैयन् अनौठा प्रथाहरु छन् । कतिपय प्रथाहरु निकै अन्धविश्वासी तथा दर्दनाक पनि रहेका छन् । तर सदियौंदेखि यस्ता दर्दनाक प्रथाको पालना पनि हुने गरेको छ भन्ने झनै दुःख लाग्छ ।

एउटा यस्तै प्रथा अफ्रिकामा रहेको छ, जसको बारेमा सुन्दैमा जिउ काँप्छ । दक्षिण अफ्रिका, क्यामरुन र नाइजेरियामा यो प्रथा रहेको छ । साथै बेलायतमा बस्ने अफ्रिकी समुदायका कतिपय किशोरी तथा युवतीहरुलाई पनि यो प्रथामा बाध्य गराइने गरिएको बताइन्छ । यो अनौठो तथा दर्दनाक प्रथाको नाम ब्रेस्ट आइरनिङ अर्थात् वक्षस्थलको इस्त्री हो ।

नामैले बताएजस्तै यो प्रथामा यो प्रथामा चेलीहरुको छातिमा आइरन लगाइन्छ । यस प्रथा अन्तर्गत किशोरावस्थामा प्रवेश गरेका छोरीचेलीका वक्षस्थलमा तताइएको काठ, हथौडा वा डुंगाले डामिन्छ । किशोरावस्थाको सुरुवातमै चेलीहरुले यो दर्दनाक प्रथा भोग्नुपर्दछ ।

जिब्रो काटेर मन्दिरमा

हिन्दु धर्मग्रन्थमा एकलब्यले गुरु द्रोणाचार्यलाई आफ्नो औंला काटेर गुरु दक्षिणा दिएको त सुनिएको थियो । तर एकलब्यलाई पछि पार्दै भारतकी एक महिलाले आफ्नो जिब्रो काटेर मन्दिरमा चढाएकी छिन् ।

भारतको मध्यप्रदेशमा यो घटना भएको हो । आफुलाई दुर्गा देवीकी भक्त दावी गर्ने गुड्डी तोमार नामकी महिलाले

गत बुधबार आफ्नो जिब्रो काटेर दुर्गा मन्दिरमा चढाएको प्रहरीले जनाएको छ । मध्यप्रदेशको तार्सामा गाउँमा रहेको बिजासेन माताको मन्दिरमा उनले आफ्नो जिब्रो काटेर चढाएकी हुन् ।

जिब्रो काटेर मन्दिरमा चढाएसँगै ती महिला बेहोस भएर लडेको बताइएको छ । त्यसपछि मन्दिरमा रहेका भक्तजनहरुले उनलाई त्यहाँबाट उठाएर स्थानीय अस्पतालमा पूराएका थिए । अस्पतालमा उनको उपचार भैरहेको छ । ती महिलाले भगवानप्रतिको विश्वास तथा आस्थाकै कारण स्वेच्छाले जिब्रो काटेको पुलिसले जनाएको छ । महिलाका पति रवी तोमारका अनुसार उनकी पत्नीले विहे भएदेखि नै हरेक दिन बिहान र बेलुकी दुर्गा मन्दिरको दर्शन गर्ने गर्थिन् ।

अनलाइन खबरबाट

प्रेरक

बुद्ध र लुटेराको संवाद

एकपटक महात्मा बुद्ध एउटा गाउँबाट अर्को गाउँ जाने क्रममा एउटा घनाजंगल पार गर्दै थिए । संयोगवश त्यो दिन उनी एक्लै थिए । उनले सोही दिन अर्को गाउँमा पुगेर भक्तजनहरुलाई प्रवचन दिनु थियो । त्यसैले उनी हतार हतार हिँडिरहेका थिए । यत्तिकैमा एउटा लुटेरा कतैबाट प्रकट भयो र उसले महात्मा बुद्धलाई रोकिन आदेश दियो । उसले भन्यो- तिमी जहाँ छौ, त्यहीँ बस अन्यथा म तिम्रो ज्यान लिनेछु । उनको धम्की सुनिसकेपछि महात्मा बुद्ध त्यहीँ रोकिए । उनले मुहारमा मन्द मुस्कान ल्याउँदै भने- 'ठीक छ बालक अहिले म तिमीले भनेअनुसार रोकिएको छु । यदि मबाट कुनै गल्ती भयो भने तिमी मेरो ज्यान लिन पनि सक्छौ । तर के तिमी मलाई एउटा सानो सहयोग गर्न सक्छौ ? बुद्धको कुरा सुनिसकेपछि त्यस लुटेराले भन्यो- 'त्यस्तो के काम हो ? छिटो भनिहाल मसित त्यस्तो फाल्नु समय छैन । लुटेराको कुरा सुनेपछि बुद्धले भने- 'बालक के तिमी मलाई ऊ त्यो रुखबाट चारवटा पात टिपेर ल्याइदिन सक्छौ । लुटेराले बुद्धले भनेअनुसार रुखबाट चारवटा पात टिपेर ल्याइदियो । जब उसले पात लिएर आयो बुद्धले भने- भैगो बालक यी पात जहाँबाट ल्याएका थियौ त्यहीँ लगेर जोडिदेऊ, मलाई अहिले पातको आवश्यकता परेन ।

बुद्धको कुराले लुटेरा जंगियो र भन्यो- 'तिम्रो मगज खुस्कियो कि क्या हो जोगी ? रुखबाट टिपेको पात फेरि त्यही लगेर कसरी राख्न सकिन्छ ? यस्ता हावादारी कुरा गरेर मलाई अल्मल्याउन नखोज । त्यसपछि बुद्धले मुस्कुराउँदै भने- 'रुखबाट टिपेको यो पात जोड्न नसकेजस्तै मान्छेको जीवन पनि लिइसकेपछि जोड्न या ब्युँताउन सकिन्न । अनि आफूले गर्न नसक्ने वा लिइसकेपछि फिर्ता दिन नसकिने ज्यान लिन तिमी किन खोज्दैछौ ? तिमीले यस्तो अधिकार कसरी पायौ ? बुद्धको यो भनाइले लुटेराको आँखा खुले । ऊ तत्कालै बुद्धको शरणमा पऱ्यो र लुटपाट र हिंसा त्यागेर बुद्धसँगै हिँड्न थाल्यो ।

साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

मेष

अप्ठ्यारा परिस्थितिसँग सम्झौता गरे पनि लक्ष्य प्राप्त गर्न सफल भइनेछ । अस्वस्थताले आफूलाई कमजोर भएको अनुभूति हुनेछ । काममा केही अलमल तथा ढिलासुस्ती हुन सक्छ । तापनि, लगनशीलताले परिस्थितिलाई बदल्नेछ । पछि लाभ हुने काम प्रारम्भ हुनेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ । गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ ।

बृष

बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ । साझेदारीमा पहिलेको सम्झौता भंग हुन सक्छ । रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्दा लाभ हुनेछ । अरूको सुझावमा भर नपर्नुहोला । परिवारजनको सहयोग लिँदा राम्रो हुनेछ । तर महत्त्वाकांक्षी योजना तत्काल सार्वजनिक नगर्नुहोला । आस लागेको काम बिग्रिए पनि मेहनत गर्दा पछिलाई फाइदा हुनेछ ।

मिथुन

अग्रजहरूको सहयोग जुट्नुका साथै शुभचिन्तकहरूबाट उत्साह प्राप्त हुनेछ । पराक्रमी कार्य सम्पादन गर्दै नाम र दाम कमाउने बेला छ । सहयोगीहरूले राम्रो फाइदा दिलाउनेछन् । उद्योग र व्यापारमा पनि मनग्गे लाभ हुनेछ । मिहिनेतले जीवनशैलीमा सुधार ल्याउनेछ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ । आँटेको काम सजिलै सम्पादन हुनेछ ।

कर्कट

हडबडीले काम बिग्रनेछ भने सानो गल्तीले मौका गुम्न सक्छ । बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ । अध्ययनमा त्यति समय दिन नसकिएला । स्थायी सम्पत्तिमा पनि विवाद आउन सक्छ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । तर, नयाँ काम सुरु गर्न केही समय पर्खनु बुद्धिमानी हुनेछ ।

सिंह

आत्मविश्वासको कमीले पछि परिनेछ । भेटघाटमा अलमलिनाले चिताएका काममा पनि बाधा हुनेछ । तापनि मिहिनेत गर्दा पछिका लागि फाइदा लिन सकिनेछ । स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला । परिवेश उल्लासमय रहे पनि जीवनशैली व्यस्त रहनेछ । प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ । बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ ।

कन्या

छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला । फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला । व्यवसायमा लगानी बढाउनुपर्ला । बलजफ्ती व्यवहारले व्यर्थैमा समस्या निम्त्याउन सक्छ । आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ । खर्च लागे पनि यात्रा गर्ने अवसर प्राप्त हुनेछ । तर आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन् ।

तुला

मिहिनेतले आम्दानी बढाउनेछ । आयस्रोत बढ्नेछन् भने उठ्नुपर्ने रकम हातलागी हुनेछ । कृषि, पशुपालन तथा व्यापारमा मनग्य लाभ हुनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । सञ्चित धनको उपयोगबाट पनि फाइदै हुनेछ । तर शक्तिको बलमा आफ्नो रकम अरूले असुल्ने चेष्टा गर्नेछन् । श्रमको उचित मूल्यांकन भए पनि थप उपलब्धि प्राप्त नहुन सक्छ ।

बृश्चिक

प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । मिहिनेत गर्दा कीर्तिमानी काम बन्न सक्छ ।

धनु

अवसर आए पनि नयाँ काम थाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला । शारीरिक कमजोरीले चिन्ता बढाउन सक्छ । अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला । तापनि, लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ । काम पूरा नभए पनि आंशिक फाइदा हुनेछ । रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुहोला । चिताएको मूल्य प्राप्त नभए पनि पछिलाई फाइदा हुनेछ ।

मकर

प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला । परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ । सम्भावना देखिए पनि सोचेको उपलब्धि प्राप्त नहुन सक्छ । सामान्य कामका लागि पनि दौडधुप गर्नुपर्नेछ । व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ला । स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला ।

कुम्भ

व्यापारमा लाभ लिने समय छ । व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्छ । विभिन्न भौतिक साधन प्राप्त हुनेछन् । धन तथा ज्ञानको भण्डार बढ्ने समय छ । मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । प्रियजनसँग भेटघाट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त होला । गृहस्थी यात्रा रमाइलो रहनेछ । आफन्तहरूको साथले नयाँ आशा जगाउनेछ ।

मीन

लगनशीलताले अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । रकम तथा भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ । शत्रुभाव राख्नेहरू स्वयं कमजोर हुनेछन् । बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । लामो यात्राको प्रक्रिया अघि बढ्नेछ ।

सानैदेखि छोरालाई हिरो बनाउने तयारी

'चंखे शंखे पंखे', 'प्रेमगीत' र 'प्रेमगीत २' फिल्मका निर्माता सन्तोष सेन पुनः नयाँ फिल्म निर्माणमा जुटेका छन् । उनी मलमास सकिए लगत्तै नयाँ प्रोजेक्टको छायांकन सुरु गर्दैछन् । यतिबेला फिल्मका लागि गीत रेकर्डिङको काम भइरहेको छ । युवा स्टार प्रदीप खड्कासँग लगालग दुई फिल्म गरेका सन्तोषले यसपटक भने आफ्नै ६ वर्षिय छोरा आयुब सेनलाई डेब्यू गराउँदैछन् । उनले करीब ६ महिनादेखि छोरालाई मण्डला थिएटरमा अभिनयको ट्रेनिङ दिइरहेका छन् ।

'छोरा अब डेब्यूका लागि तयार भइसकेको छ । मलमासका कारण फ्लोरमा जान ढिलाई भएको हो । निर्देशकदेखि बाँकी सबै कलाकारको छनौट पूरा भइसकेको छ', निर्माता सेनले भने । उनका अनुसार, एक आमा र छोराको कथा बोल्ने उक्त फिल्म फ्यामिली ड्रामामा निर्माण हुनेछ ।

नाम गोप्य राखिएको यस फिल्मको लिड रोलमा नै सेनका छोरा आयुब रहनेछन् । स्तरिय फिल्म निर्माण गर्ने निर्माताको सूचीमा अग्रस्थानमा आउने सन्तोष प्रदीपलाई लिएर 'प्रेमगीत' को तेस्रो सिरिज निर्माण गर्ने तयारीमा समेत छन् ।

चलचित्र पत्रकार संघको वार्षिकोत्सव

चलचित्र पत्रकार दिवसको अवसरमा चलचित्र पत्रकार संघ, नेपालले पाँच चलचित्र पत्रकारलाई सम्मान तथा पुरस्कार वितरण गरेको छ । आफ्नो १९ औं वार्षिक उत्सवको अवसरमा संघले दयाराम पाण्डे र ध्रुव लम्सालालाई ' चलचित्र पत्रकार सम्मान २०७५' र लक्ष्मण सुवेदी र सन्ध्या थापालाई ' चलचित्र पत्रकारिता पुरस्कार २०७४' प्रदान गऱ्यो ।

त्यस्तै, गत वर्षदेखि वितरण गर्न थालिएको 'प्रोत्साहन पुरस्कार २०७५' फिल्मीखबर डटकममा कार्यरत अन्जान दाहाल (मनिष) लाई एक थान ल्यापटप, ताम्रपत्र र ट्रफीसहित प्रदान गरिएको छ । सञ्चार तथा सूचना प्रविधि राज्यमन्त्री गोकुल प्रसाद बाँस्कोटाले सम्मानित तथा पुरस्कृत पाँच जना चलचित्र पत्रकारलाई सम्मान पत्र हस्तान्तरण गरे । पुरस्कृत सुवेदी र थापालाई २१ हजार रुपैयाँ समेत प्रदान गरिएको थियो । आफ्नो स्थापना दिवस ७ जेठलाई संघले चलचित्र पत्रकारिता दिवसका रूपमा मनाउँदै आएको छ । संघले सम्मान र पुरस्कारसहित विभिन्न कार्यक्रम गरेर चलचित्र पत्रकारिता दिवस मनाएको हो । हरिवंश आचार्य, करिश्मा मानन्धर, झरना थापा, रमेश उप्रेती, निर्मल शर्मा, साम्राज्ञी राज्यलक्ष्मी शाह, सलोन बस्नेत, शोभित बस्नेतलगायतका कलाकारहरु पनि कार्यक्रममा उपस्थित थिए ।

'माछा माछा' निर्माणको तयारीमा

चलचित्र 'माछा माछा'को निर्माण हुने भएको छ । सुनिल गुरुङको निर्देशनमा बन्न लागेको यो चलचित्रले तीन जना गाउँले युवाहरुले आफूलाई शहरमा स्थापित गर्नका लागि गरेको संघर्षको कथालाई उठान गर्नेछ ।

चलचित्रको मुख्य तिन पात्रमा नायक सौगात मल्ल, विजय बराल र अनोज पाण्डे देखिदैछन् । साथमा यो चलचित्रमा प्रविण खतिवडा, सरिता गिरी, नम्रता श्रेष्ठ, भोलाराज सापकोटा, कमलमणी नेपाल, पुस्कर लगायतको मुख्य भूमिका रहनेछ । चलचित्रको छायांकन काठमाण्डौ, भक्तपुर र ललितपुरमा गरिनेछ । सिनेमा आर्ट र नौमती इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुन लागेको यो चलचित्रलाई रामबाबु गुरुङ, मणिराम पोखरेल र ओमचन्द्र रौनियारले निर्माण गर्दैछन् । १ महिनामा चलचित्रको छायांकन सक्ने योजना निर्माणपक्षको छ । आजबाट काठमाडौंको गौरीघाटलाई लोकेशन बनाउँदै यसको छायांकन सुरु गरिएको छ ।

'हैरान' प्रदर्शनमा

देशभर रिलिज भएको चलचित्र 'हैरान'को विशेष शो काठमाण्डौको बीग मुभिजमा आयोजना गरिएको छ । सौगात बिष्टले निर्देशन गरेको यो चलचित्रले कमेडी शैलीमा देशको राजनीतिक अवस्था, सामाजिक घटनाहरुलाई उठान गरेको छ ।

शुक्रबारदेखि रिलिज भएको चलचित्रले औषत व्यापार गरेको छ । चलचित्र हेर्नका लागि सिताराम कट्टेल 'धुर्मुस', कुञ्जना घिमिरे 'सुन्तली' बीग मुभिज पुगेका थिए । यस्तै, चलचित्र हेर्न नायक रमेश उप्रेती, सरोज खनाल, निर्मल शर्मा पनि हलमा पुगेका थिए ।

चलचित्रका मुख्य कलाकार सत्यराज आचार्य, गजित बिष्ट, सागर लम्साल, निश्मा घिमिरे, आरोही शर्मा हल पुगेका थिए । चलचित्र हेरेका पत्रकार र चलचित्रकर्मीले यसको विषयवस्तु र कमेडीलाई मन पराए । चलचित्रको माउथ पब्लिसिटी राम्रो रहेकाले दर्शक बढ्ने विश्वास यसका कलाकार गजित बिष्टले गरेका छन् ।

मलेसियामा अवार्ड आयोजना हुने

मलेसियामा आयोजना हुन लागेको 'तेश्रो नेपाली म्यूजिक भिडियो अवार्ड'को लागि नोमिनेशन सार्वजनिक गरिएको छ । काठमाण्डौमा पत्रकार सम्मेलन आयोजना गर्दै आयोजकले नोमिनेशन सार्वजनिक गर्दै हरेक विधाका उत्कृष्ट ५ मा पर्न सफल कलाकर्मीलाई प्रमाणपत्र पनि वितरण गरेको छ ।

संगिक्षा फिल्मस्को आयोजनामा हुन लागेको 'तेश्रो म्यूजिक भिडियो अवार्ड'मा आधुनिक, पप, लोक, राष्ट्रिय भावनाले ओतप्रोत र फिल्मी गीतहरुको विधा समावेश गरिएको छ ।

मलेसियामा यसपटक भव्य रुपमा अवार्ड आयोजना हुने आयोजकले बताएको छ । यसअगाडि यूएइको अबुधावीमा २ पटक यो अवार्ड आयोजना भैसकेको छ । कतिपय चर्चित गीतहरुका सर्जकले अवार्डमा भाग लिन नमानेका कारण पनि ती गीतहरु नोमिनेशनमा पर्न नसकेको आयोजकले स्पष्ट पारेको छ । मलेसियाको एसकेएस ब्राइट भेन्चर एसडीएन बीएचडीसँगको सहकार्यमा संगिक्षा फिल्मस्ले यो अवार्ड आयोजना गर्न लागेको हो । *(एजेन्सीहरुबाट)*

अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Wan = थकित । पहेँलिएको अनुहार, कमजोर A wan light of winter's morning can not be warm (हिउँदको बिहानको अपारिलो घामले न्यानो दिँदैन)

Yank= झट्कार्नु । स्वार..र She yanked the bedclothes off and jumped up the bed (तन्नालाई झट्कारेर स्वार..र तानी तिनले ओछ्यानमाथि फाल हालिन)

Zoom = ठूलो आवाज गरी वायुवेगमा कुद्नु The jet zoomed low over our heads (जेट हाम्रे टाउको माथिबाट ठूलो आवाज गरी उडेर गयो)

Alacrity = खुसीसाथ स्वीकार गर्नु He accepted my invitation with alacrity (उसले मेरो निमन्त्रणा खुसीसाथ स्वीकार गऱ्यो)

Burlesque = हँसाउने पाराबाट नक्कल गर्नु । व्यंग्य गर्नु He is professional in making political burlesque (हँसाउने पाराबाट राजनीतिक व्यंग्य गर्न ऊ पोख्त छ)

Cogent = विश्वास गर्न सकिने । भरपर्दो । तर्कसंगत His idea of joining American university was cogent (अमेरिकी विश्वविद्यालयमा भर्ना हुने उसको विचार तर्कसंगत छ)

Dichotomy = फुट । दुई चिरा हुनु Between the dichotomy of civil war and division, Gandhi had to choose division finally (विभाजन कि गृहयुद्ध भन्ने विवादमा गान्धीले अन्त्यमा विभाजन रोज्नु पऱ्यो)

Enervate = कमजोर बनाउनु He is very slow to recover from the disease and even a short walk enervates him (उसको रोग निको हुने प्रक्रिया ज्यादै विस्तारै भएको कारणले गर्दा थोरै हिँडाइले पनि उसलाई कमजोर गराउँछ)

Fledgling = सतही । अनुभवको अभाव भएको । नखारिएको A fledgling bird can not fly for a longer time (उड्न सिक्दैको चरा धेरै लामो समयसम्म एकनास ले उड्न सक्तैन)

Guffaw = होहल्ला The laud guffaw coming out of the room indicates that the matter has not yet settled (कोठाबाट बाहिर आइरहेको चर्को होहोल्लाले कुरा अझै नमिलेको इंगित गर्दछ)

Hummock= सानो पहाड He is so fat and ascent even of a hummock is very difficult for him (ऊ यति मोटो छ कि सानो पहाड चढ्न पनि उसलाई कठिन हुन्छ)

सामान्य ज्ञान (प्रश्नोत्तर)

कुम्भकर्ण हिमाल कुन अञ्चलमा पर्छ ?
- मेची अञ्चल

नेपाल अधिराज्यमा सबभन्दा बढी विमानस्थल रहेको जिल्ला कुन हो ?
- सोलुखुम्बु ३ वटा

विश्वमा सबभन्दा पहिले सृष्टि भएको बिरूवाको नाम के हो ?
- फोसिल प्लान्ट

अमेरिका पत्ता लगाउने व्यक्ति को हुन् ?
- कोलम्बस

अमेरिकाका प्रथम राष्ट्रपति को हुन् ?
- जर्ज वाशिंगटन

विश्वको प्रथम महिला राष्ट्रपति को हुन् र कुन देशको हुन् ?
- इसावेल पेरेल, अर्जेन्टिना

नेपालमा तामाको पैसा चलाउने व्यक्ति को हुन् ?
- रत्न मल्ल

अढाई वर्षको उमेरमा राजगद्दीमा बस्ने राजा को हुन् ?
- रणबहादुर शाह

गोरखापत्रको प्रकाशन कहिले र कसको पालामा भयो ?
- वि.सं. १९५८, देवशमशेर

गर्मीमा आगो तापेर जाडोमा चिसो ढुंगामा सुतेर तपस्या गर्ने राजा को हुन् ?
- सिद्धिनरसिंह मल्ल

नेपालमा आजसम्मको सबभन्दा पुरानो मूर्ति कसको हो ?
- विरूपाक्ष

लक्ष्मण मुर्छा परेको बेलामा औषधि गर्ने वैद्य को हुन् ?
- सुसेन वैद्य

रानीपोखरीको अर्को नाम के हो ?
- विष्णु तीर्थ

भगवान विष्णु सुत्ने समुद्रलाई के भनिन्छ ?
- क्षीर सागर

गौतम बुद्धको घोडाको नाम के हो ?
- कन्थक

सुडोकु-अंक १०३

	३			९	६			
५					८		९	
६	९		५				१	
२		५				४	३	
								१
	६	३				७		९
	७				१		८	३
	५		८					७
			४	३			२	

अंक १०२ को नतिजा

२	९	४	१	५	६	७	३	८
८	६	३	२	४	७	५	९	१
७	१	५	९	८	३	४	२	६
१	३	२	८	९	४	६	७	५
९	८	६	३	७	५	२	१	४
५	४	७	६	१	२	३	८	९
४	२	९	७	६	१	८	५	३
३	५	८	४	२	९	१	६	७
६	७	१	५	३	८	९	४	२

Go बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Go = चल्नु Is your watch going तिम्रो घडी चलिरहेको छ ?

Go = राख्नु Where all these books go ? On that rack ? कहा राख्ने यी किताबहरु त्यही च्याकमा ?

Go = हुनु Do not go mad ! बहुला नहोउ त ! This milk has gone sour यो दूध अमिलो भइसक्यो ।

Go smoothly = ठीकसँग जानु Is your job going smmothly तिम्रो काम ठीकसँग गइरहेछ ?

Go hungry = भोकाउनु It is the time the children go hungry बालबालिकाहरु भोकाउने बेला भोकाउने भनेको यति खेरै हो ।

Go armed = हतियार बोक्नु If you feel insecure go better armed ! आफूलाई असुरिक्षत ठान्छौ भने हतियार बोक ।

Go unnoticed = बेखबर रहनु Many crimes mostly go unnoticed धेरै अपराधहरु बेखबर रहन्छन् ।

Go = कराउनु Cats go miaow बिरालोले म्याउ गरी कराउँछ ।

Go = बज्नु Until the bell goes remain seated! घन्टी नबजुञ्जेल बसिराख्नु ।

Go = हट्नु Even if you rub hard, the stain does not go तिमीले जति नै दले पनि दाग हट्दैन ।

तालिम र अनुगमनमा बालविकास समाज



हाम्रो प्रतिबद्धता
पेट्रोलियम पदार्थमा शुद्धता
भरपर्दो, विश्वासिलो सेवाका
लागि हामीलाई सम्झनुहोस्
भोलाबाबा पेट्रोल सेन्टर
मिचैंया सिरहा

जीवनोपयोगी सीप तालिम

बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थाका विद्यार्थीहरुका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरीरहेको छ । तालिममा उनीहरुलाई बालबालिका तथा बालअधिकार र कर्तव्यका साथै जीवनोपयोगी सीपका बारेमा सिकाइन्छ । जसले गर्दा उनीहरुलाई दैनिक जीवनमा आइपर्ने समस्याहरुको निराकरण गर्नका लागि सहज हुन्छ । संस्थाले उक्त तालिम सुरेन्द्र ढकाल प्रतिष्ठानको सहकार्यमा सन्चालन गरिरहेको छ । एक वर्षका लागि सम्झौता भएको यो तालिममा सहभागीहरुलाई आत्मजागरण, प्रभावकारी सञ्चार, अन्तरव्यक्ति सम्बन्ध, सकरात्मक सोचाइ, सहानुभूति तथा अनुभूति, तनाव व्यवस्थापन, निर्णय गर्ने सीप, सृजनात्मक सोचाइ, सम्वेग नियन्त्रण, समस्या समाधान गर्ने सीप लगायतका विषयमा सहभागीहरुलाई सिकाइन्छ । विद्यालय तथ अभिभावकसँगको समन्वयमा सञ्चालन हुने तालिममा किशोरकिशोरीहरु सक्रियतापूर्वक सहभागी भएका छन । तालिममा जनकल्याण उच्च माद्यामिक विद्यालयका किशोरकिशोरीहरुको सहभागिता भइरहको छ । तालिमको तेस्रो हप्ता सकिएको छ । सहभागीहरुलाई अन्तरव्यक्ति सम्बन्धका बाधाहरु के के हुन्छन् ? अन्तरव्यक्ति सम्बन्ध स्थापित गर्दा ख्याल गर्नुपर्ने कुराहरुको बारेमा व्यापक रुपमा छलफल गराइएको थियो । बाल विकास समाजका तालिम अधिकृतद्धारा जीवनोपयोगी सीप तालिमको सहजीकरण गरिएको थियो । तालिममा सहभागी किशोरकिशोरीहरुले यस तालिमबाट हामी दैनिक जीवनमा आइपर्ने धेरै समस्याहरुको निराकणका लागि उचित उपायको बारेमा सिकिरहेका छौ भन्ने कुरा बताएका थिए । तालिममा प्रभावकारी सञ्चारको बारेमा छलफल गराएको थियो । प्रभावकारी सञ्चार भनेको के हो ? प्रभावकारी सञ्चार सीपका तत्वहरु के के हुन ? प्रभावकारी सञ्चारको सामाजिक तथा सांस्कृतिक अवरोधहरु के के हुन ? आदि विषयमा सहभागीहरुलाई छलफल गराइएको थियो । तालिममा प्रभावकारी सञ्चारले किशोरकिशोरीलाई अन्य व्यक्तिहरुसँगको सम्बन्ध प्रगाढ हुने कुराको बारेमा पनि छलफल गराइएको थियो ।

अर्थपूर्ण बाल सहभगिताको बारेमा छलफल

बाल विकास समाजको सहयोग तथा बाल विकास बालक्लवको आयोजनामा बालक्लवका पदाधिकारीहरुसँग अर्थपूर्ण बाल सहभागिताको बारेमा छलफल गरिएको थियो । सोही छलफलमा सामुदायिक विद्यालयमा रहेका बालक्लवका पदाधिकारीहरुको सहभागिता रहको थियो । छलफल कार्यक्रममा अर्थपूर्ण बाल सहभागिता भनेको के हो ? अर्थपूर्ण बालसहभागिताको अधिकार प्रवर्द्धनका लागि बालक्लव तथा अन्य सरोकारवाला निकायको भूमिका के हुन्छ भन्ने सम्बन्धमा छलफल गरिएको थियो । छलफलमा बालबालिकाहरुको सहभागिताको अधिकार प्राप्तीका लागि परिवारबाट नै सुरु गर्नुपर्ने हुन्छ । हरेक बालबालिकाहरुको हरेक कुरामा सहभागिता हुने अधिकार हुन्छ । उनीहरुको अधिकारका बारेमा अभिभावकहरुलाई पनि त्यत्तिकै सजग गराउनु पर्ने देखिन्छ । बालबालिकाहरुको पहिलो शिक्षा दिने थलो भनेको आफ्नो घर नै हो र पहिलो शिक्षक भनेको अभिभावक भएको हुनाले उनीहरुले आफ्नो घरदेखि नै सहभागिताको अभ्यास गर्न जरुरी रहेको देखिन्छ । बालबालिकासँग सरोकार राख्ने विषयमा उनीहरुलाई थाहा दिने मुख्य कुरा हुन आउछ जुन कुरा अभिभावकहरुले नै गर्नु पर्छ । उनीहरुका बारेमा भएका निर्णणहरुको बारेमा उनीहरुलाई थाहा दिनु पनि सहभागिता नै हो । उनीहरुले माग गरेका कुरा सम्भव भएसम्म उपलब्ध गराउनु अभिभावकको दायित्व हुन आउछ । यस कुरामा पनि सहभागिताको सवाल जोडिन्छ । आफ्नै घरमा भएका उनीहरुको विषयमा सरोकार राख्ने कुरामा बालबालिकाहरुको सहभागिता भएको छ की छैन भन्ने कुराको सुनिश्चित अभिभावकहरुले गर्नुपर्ने हुन्छ । बाल अधिकारको चार भाग मध्ये सहभागिताको अधिकार पनि महत्वपूर्ण अधिकारको रुपमा रहेको कुराको बोध अभिभावहरुमा हुनु आवश्यक रहेको छ । बाल अधिकार महासन्धिमा उल्लेख भएको विषय हो बाल सहभागिताको अधिकार र उक्त सन्धिमा नेपालले पनि हस्ताक्षर गरेको हुनाले यस कुरालाई सबै बालबालिकाहरुमा पुऱ्याउनु वयस्कहरुको दायित्व हुन आउछ । त्यसकारण बालबालिकाहरुको अधिकार प्राप्तीका लागि सरोकारवाला पक्षहरुले ठोस भूमिका खेल्न सकेमा पक्कै पनि सबै बालबालिकाहरुले बाल सहभागिताको अधिकार थाहा पाउने थिए ।

कोपिला मिजारको सफलता

बाल विकास समाज र सेभ द चिल्ड्रेनको सहकार्यमा सञ्चालित परियोजना अन्तर्गत काभ्रे जिल्ला पाँचखाल नगरपालिका वडा नं ५ मयलपानीमा बस्ने ज्योती महिला कृषक समूहकी सदस्य कोपिला मिजारलाई एक वटा एभियटर स्कुटर हस्तान्तरण गरिएको छ । कोपिला मिजार विगतमा नियमित रुपमा ईँटाभट्टामा काम गर्न जाने र गाउँमा स्वरोजगार शिक्षा कक्षा सुरु भएपछि भट्टा छोडेर कक्षामा पढन थाल्नु भएको थियो । कोपिला मिजारलाई विहान बेलुका काम गरेर एक छाक खान पनि धौधौ पर्ने अवस्था थियो । उनले स्वरोजगार कक्षा सँगै महिला समूहमा आवद्ध भएर रु २५००० हजार ऋण लिइ बेसार व्यवसाय गर्न थाल्नु भएको थियो । उक्त व्यवसायबाट मासिक २५ देखि ३० हजार कमाउने गरेको कुरा बताउनु हुन्छ मिजार । उहाँले बेसार व्यवसायका साथै बाखा, बंगुर तथा कुखुरा समेत पाल्न थाल्नु भएको छ । दुई छोरी एक छोरा, श्रीमान् गरी ५ जनाको परिवार खुशीसाथ जिवीका पार्जन गरिरहेको छ । छोराछोरीको पढाइ लगायत अन्य खर्चको राम्रो बन्दोबस्त गर्न सफल भएकी छिन कोपिला मिजार ।

उहाँको मेहनेत र सफलता देखेर हडकडका एक जना दाताले बाल विकास समाज तथा सेभ द चिल्ड्रेनमार्फत व्यवसाय गर्न सहज होस भनेर एक वटा स्कुटर उपलब्ध गराएको हो । कोपिला मिजार र उहाँकी छोरी निसा मिजारलाई दाताले ५ दिनका लागि हङकङको आभानमा भ्रमण लगेका थिए । उक्त पाँच दिने भ्रमण पछि कोपिलाई स्कुटर सहयोग मिलेको हो । सो स्कुटर बाल विकास समाजका कोषाध्यक्ष तथा सेभ द चिल्ड्रेनका प्रतिनिधिबीच एक कार्यक्रमको आयोजना गरी हस्तान्तरण गरिएको थियो । कार्यक्रममा स्थानीय निकायका जनप्रतिनिधि तथा सरोकारवाला पक्षहरुको समेत सहभागिता रहेको थियो । आज संस्थाले गर्दा मलाई यो अवस्थामा ल्याएको र साच्चै बाल विकास समाज मेरा लागि भगवान सरह भएको छ र मैले आज मेरा छोराछोरीको पढाइलाई निरन्तरता दिन सकेको, घर खर्च चलाएर बचत गर्न सकेको कुरा बताउनु हुन्छ कोपिला ।

ईँटा उद्योगहरूमा बालश्रमिकको अवस्थासम्बन्धी अनुगमन कार्यक्रम

सुर्यविनायक नगरपालिका भित्रका स्थानीय व्यक्तिहरुको उपस्थितिमा निर्देशिका बमोजिम १७ सदस्यीय नगर स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन समिति, सुर्यविनायक, भक्तपुर गठन कार्यक्रम पश्चात नगर भित्र बालबालिकाको हक अधिकार सुनिश्चित गर्दै बाल अधिकार प्रर्वद्धनका कार्यहरु भईरहेको छ । यसै सिलसिलामा यस समितिको यस समितिका संयोजक तथा नगर कार्यपालिका सदस्य श्री दिपक विसुङ्गेज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णय अनुसार नगर भित्रका ईट्टा उद्योगहरुमा बालश्रमिकको अवस्था जानकारी लिनको लागि अनुगमन गर्ने भनिएकोमा मिति २०७४ साल चैत्र ६ र ७ गतेका दिन सुर्यविनायक नगरपालिका वडा नं. ४ (दधिकोट), वडा नं. ८ (सिपाडोल), वडा नं. ९ (नंखेल), वडा नं. १० (चित्तपोल) मा रहेका रहेका केहि ईट्टा उद्योगहरुमा अनुगमन कार्य सम्पन्न भयो । अनुगमनमा समितिको संयोजक दिपक विसुङ्गे, सदस्य सचिव दिपेश विसुङ्गे, सदस्य श्रीकृष्ण थापा वडा नं ४ दधिकोटका वडा अध्यक्ष उत्तम थापा, वडा सदस्य गीता देउजा, प्रहरी प्रतिनिधि आदिको सहभागीता रहको थियो । जसमा सुर्यविनायक नगरपालिका४, दधिकोटको दक्षिण बाराही ईट्टा उद्योग, सुर्यविनायक नगरपालिका८, सिपाडोलको महेश्वरी ईट्टा उद्योग, सुर्यविनायक नगरपालिका९, नंखेलको जि.जे ईट्टा उद्योग, सुर्यविनायक नगरपालिका९, नंखेलको नन्दिकिशोर ईट्टा उद्योगको सुर्यविनायक नगरपालिका१०, चित्तपोलको श्री कादम्बिनी ईट्टा उद्योग गरी ५ वट ईट्टा उद्योगमा अनुगमन भएका थियो । जसमा दुई वटा बालश्रम (जि.जे र नन्दिकिशोर ईट्टा उद्योग) मुक्त उद्योगहरुमा भने बालश्रम प्रयोग नभएको पाइयो । तर्सथ अनुगमनम रहेका टोलीले बालबालिकाहरुलाई श्रममा नखार्ने, बालबालिकाहरुको शिक्षा, स्वास्थ्य, बसाई, संरक्षण आदि कुरामा तत्काल सुधार गर्न अनुरोध गरियो । तसर्थ यस किसिमको अनुगमन कार्यले ईट्टा उद्योग व्यवसायीहरुलाई दबाव पर्ने हुदाँ यस कार्यलाई निरन्तरता दिई राखेमा राम्रो देखिन्छ ।

प्रस्तुति : गोविन्द वि क

दुई पार्टीको...

ठूलो हलचल ल्यायो । यसलाई मध्यनजर राख्दै मार्क्सले भनेका थिए- युरोपमा एउटा हाउ घुमिरहेको छ, साम्यवादको हाउ । यसलाई धपाउन भनेर पोप, जार, मेटर्निख, गिजो, फ्रेन्च उग्रवादी र जर्मन पुलिस अर्थात् पुरानो युरोपका सारा सत्ताधारीहरु एक भएका छन् । अहिले नेपालमा पनि लोकतान्त्रिक दल भनिने नेपाली कांग्रेसमा यस्तै भूत सवार भएको छ कम्युनिस्ट अधिनायकवादको भूत । कांग्रेसले बुझ्न जरुरी छ ओली, प्रचण्डको नेकपा उसको वैकल्पिक शक्ति मात्र बनेको छ । साम्यवाद उसको लक्ष्य परिधिभित्र पर्दैन ।

कम्युनिस्ट घोषणापत्र लेखिनुअघि नै सन् १८४२ मा जर्मन आप्रवासीहरुले कानुनी लिगको स्थापना गरेका थिए । १८४३ मा कम्युनिस्ट लिगको स्थापना भयो । १८४६।४७ मा जेनेभामा भएको लिगको कांग्रेसले मार्क्स, एंगेल्सलाई कम्युनिस्ट घोषणापत्र निर्माणको जिम्मा दिएको थियो । १८५२ मा कम्युनिस्ट लिग विघटन भयो । १८६४ मा मार्क्सको पहलमा जेनेभामा सम्पन्न प्रथम महाधिवेशन १८६७ मा दोस्रो, १८६८ मा तेस्रो र १८७१ म पेरिस कम्युन पहिले नै जर्मनीमा सामाजिक जनवादी पार्टी १८६९ मा जन्मिसकेको थियो । पछि फ्रान्स, स्पेन, अष्ट्रिया, स्वीटजरल्यान्ड, स्वीडेनमा मजदुर वर्गीय पार्टीहरु स्थापना भए । १८८३ मा मार्क्सको निधन भयो । एंगेल्सले १८८९ मा पेरिसमा २० देशका ३९१ प्रतिनिधि भेला गराएर दोस्रो अन्तर्राष्ट्रियको निर्माण गरे । काउत्स्की, लिबनेख्त, बेबल, बर्नस्टिन, कलारा जेटकिन, प्लेखानोभ जस्ता घघडान नेताहरु त्यहाँ उपस्थित थिए । १८९१ मा दोस्रो, १८९३ मा तेस्रो अन्तर्राष्ट्रियको महाधिवेशन भयो । १८९५ मा एंगेल्स बिते । १८९६ मा चौथो, १९०० मा पाँचौं, १९०७ मा छैठौं, १९०८ मा सातौं महाधिवेशन हुँदा लेनिनको उपस्थिति थियो ।

सन् १९१५ मा दोस्रो अन्तर्राष्ट्रिय विघटन भयो । सन् १९१७ मा लेनिनको नेतृत्वमा रुसमा अक्टोबर क्रान्ति सम्पन्न भयो । यस क्रान्तिले विश्वको एकतिहाई भूभाग कम्युनिस्ट नियन्त्रणमा ल्यायो । जर्मनी र फिनल्यान्डमा पुँजीवादी क्रान्ति सम्पन्न भए । अल्बानिया, हँगेरी, चेकोस्लोभाकिया, पोल्यान्ड, युगोस्लाभिया क्रान्ति भए । सन् १८१८ सम्म आउँदा अष्ट्रिया, हँगेरी, पोल्यान्ड, जर्मनी, लाटबिया, लिथुनिया, इस्टोनिया, अर्जेन्टिना आदि देशमा कम्युनिस्ट पार्टीहरु स्थापना भए । सन् १९२४ जनवरी ३ मा लेनिनको देहान्त भयो । लेनिनका उत्तराधिकारी स्टालिनको जब सन् १९५३ मा निधन भयो सोभियत संघको कम्युनिस्ट पार्टीमा १९५६ देखि आधुनिक संशोधन वाद लिएर खुश्चेवको उदय भयो । यसअघि नै चीनमा सन् १९४९ अगस्ट १ मा जनवादी क्रान्ति सम्पन्न भइसकेको थियो ।

सन् १९९० मा जब रुसमा कम्युनिस्ट सत्ता ढल्यो, विश्व कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा पुग्यो । रुसी क्रान्तिको सफलतासँगै एसिया, युरोप, ल्याटिन अमेरिका लगायतमा धमाधम कम्युनिस्ट पार्टीहरु स्थापना भए । नेपालमा २००६ साल वैशाख ९ गते पुष्पलालको नेतृत्वमा कम्युनिस्ट पार्टीको निर्माण भयो । पूर्वी युरोपका दर्जनौं देशहरुमा रुसी मोडलको समाजवाद स्थापना गरियो । चीन, उत्तरकोरिया, भियतनाम कम्बोडिया लगायतका देशमा जनवादी समाजवादी क्रान्ति सम्पन्न भए । कम्युनिस्ट पार्टीसँग सत्ता सञ्चालनका सम्पूर्ण शक्ति र निर्वाचन प्रणाली एकदलीय हुन्छ । पार्टीले नै देशको आर्थिक अवस्थालाई नियन्त्रण गर्ने गर्छ । सम्पत्तिमाथिको व्यक्तिगत स्वामित्वलाई अवैध मान्छ । तर यी आदर्शहरु आजका कम्युनिस्ट पार्टी र राष्ट्रमा पाइँदैनन् । अहिले चीन, क्युवा, उत्तरकोरिया, भियतनाम र लाओस गरी पाँचवटा राष्ट्रमा कम्युनिस्ट व्यवस्था छ । नेपालमा कम्युनिस्टहरु सत्तामा त छन् तर संसदीय पुँजीवादी व्यवस्थालाई विघटन गरेर जनवादी समाजवादी व्यवस्था ल्याउन चाहँदैनन्, यस्तो भएमा विश्वबाट एक्लिने त्रास छ उनीहरुमा ।

प्रचण्ड, ओली नेतृत्वको नेकपाका अतिरिक्त विप्लव नेतृत्वको नेकपा जनवादी सत्ता स्थापनार्थ संघर्षको मोर्चामा छ । प्रचण्डले फ्याँकेको माओवादलाई समातेर प्रचण्डलाई नै झट्टी हानिरहेको छ यो समूह । आहुति, गोपाल किराँतीले पनि अलग समूह बनाएका छन् प्रचण्डसँग विद्रोह गरेर । मोहन वैद्य समूहको आकार नबढे पनि अस्तित्व भने जरुर छ । नेकपा मालेले राष्ट्रवादको झन्डा उठाएर संगठन विस्तारलाई तीव्रता दिइरहेको छ । मोहनविक्रम, चित्रबहादुर, रोहित संघीयता धरापमा पर्ने देख्दैछन् । विप्लव नेतृत्वको नेकपा लगायत माले र अन्य साना वाम घटकहरुसँग रहेको जनमतलाई प्रचण्ड, ओलीले नजरअन्दाज नगर्नु उनीहरुकै नेकपाका लागि घातक हुनेछ । संसदीय व्यवस्थाको विकल्प दिन्छौं भन्दै विप्लव समूहले सशस्त्र संघर्षको बाटो अवलम्बन गरेको छ । यो समूहले राष्ट्रघात, जनघात गरे नछोड्ने भन्दै ओली प्रचण्डको नेकपालाई थर्काइरहेको छ । क्रान्तिकारी कम्युनिस्टहरुको ध्रुवीकरणको लहर सुरु हुनेवाला छ । संसदवादी नामधारी कम्युनिस्टहरु र क्रान्तिकारी कम्युनिस्टहरुबीचको वारपारको युद्ध हुने संकेतहरु सतहमा देखिन थालेका छन् । यस्तो अवस्थामा एमाले, माओवादी केन्द्रबीचको एकतालाई कसरी वाम एकता भन्न मिल्छ ? के ओली र प्रचण्ड मात्र यो देशका वाम नेता हुन् अनि यिनका कार्यकर्ताहरु मात्र वामपन्थी ? दुई पार्टीबीचको एकतालाई ऐतिहासिक वाम एकताको संज्ञा दिनु भ्यागुतो फुलाइ मात्र हो ।

सुनबुढा...

पैत्रिक ? स्वआर्जन अर्थात् के गरेर उनले जग्गा किन्ने पैसा कमाए ? ऋण लिएको भए कोसँग कति ऋण ? सम्पत्ति विवरणमा खुलाएका छैनन् । माओवादी हुँदा गरिब यादव अहिले कसरी करोडौं सम्पत्तिका मालिक भए ? यत्रो सम्पत्ति कहाँबाट जोड्न सके उनले ? यसको संकेत किन खुलाएनन् उनले ?

वर्षमान पुन ऊर्जा मन्त्री हुन् । यिनी बाबुराम नेतृत्वको सरकारमा अर्थमन्त्री भएका थिए । ०६३ मा उनी शान्ति मन्त्री थिए । उनकी पत्नी ओनसरी तीनपटक सांसद भइन् । अघिल्लो संसदको सभामुख पनि थिइन् उनी । ०६३ मा सार्वजनिक गरेको सम्पत्ति विवरणमा बैंक वचत ३ लाख देखाएका थिए । अहिले पनि त्यही ३ लाख वचत देखाएका छन् । श्रीमान् श्रीमतीको ०६३ देखि २०७५ सम्मको कमाइ तीन लाख मात्र हुनु हास्यास्पद छ । ०६३ पार्टीमार्फत सार्वजनिक गरिएको सम्पत्ति विवरणमा कृषि विकासमन्त्री चक्रपाणि चालिसेसँग एक रुपैयाँ पनि वचत थिएन । बुटवल र रुपन्देहीमा जम्मा १६ धुर जग्गा थियो । गहनाका रुपमा दुईवटा टप थिए । तर अहिले साढे अठ्ठाइस कठ्ठा जग्गा, ६ तोला सुन र विभिन्न बैंकमा १४ लाख ९६ हजार नगद छ । १० लाख ३६ हजारको शेयर छ । उनले यत्रो सम्पत्ति कसरी कमाए ? कुनै स्रोत उल्लेख गरेका छैनन् ।

हट्यो...

उद्योग संगठन मोरङको एउटा कोठामा राखिएको थियो । तत्कालीन परराष्ट्र मन्त्री नारायणकाजी श्रेष्ठले भारतीय दूतावासलाई पत्र लेखेर फिल्ड कार्यालय हटाउन निर्देशन दिएका थिए तर भारतले निर्देशनलाई बेवास्ता गर्दै फिल्ड कार्यालय झन् सुविधा सम्पन्न ठाउँ विराटनगर १३ स्थित थापा निवास टोलमा घरभाडामा लिएर राखेको थियो । नयाँदिल्लीमा भारतीय विदेश मन्त्रालयले मे २१ मा 'प्रेस ब्रिफिङ' अनुसार विराटनगरस्थित फिल्ड अफिस हटाउने र त्यहाँ कार्यरत कर्मचारीको सरुवा गर्ने निर्णय गरेको छ ।

भौतिक तथा योजना यातायात मन्त्री रघुवीर महासेठ मन्त्रीहरुमध्येकै सबभन्दा धनी मन्त्री देखिएका छन् । उनले ०५४ देखि ०५७ सम्ममा अर्बौं जग्गा कहाँबाट पैसा ल्याएर खरिद गरे ? त्यसको स्रोत खुलाउन पर्दैन ? शान्ति प्रक्रियामा आउने बित्तिकै शक्ति बस्नेतको पार्टीले सार्वजनिक गरेको सम्पत्ति विवरणमा उनीसँग नगद थिएन । करिब १ लाख पर्ने दुई रोपनी खेत करिब ५ हजारको मात्र सुन थियो । अहिले उनीसँग १७ लाख नगद, ३ लाख १० हजारको शेयर, ५ तोला सुन र १० केजी चाँदी छ । यो सब कसरी सम्भव भयो ? गिरिराजमणि पोखरेल पाँचौं पटक सरकारमा छन् । यिनले पहिले शिक्षामन्त्री हुँदा भारतीय पाठ्यक्रम पढाइ हुने भारतीय स्कुलहरुलाई करोडौं रकम लिएर स्वीकृति दिएका थिए । तर यिनले आफ्नो सम्पत्ति विवरण पहिलोपटक मन्त्री भएदेखि अहिलेसम्म एउटै बुझाइरहेका छन् ।

प्रधानमन्त्री केपी ओली दुईपटक मन्त्री भए- गृह र परराष्ट्र । त्यसपछि उनीसँग भक्तपुरको बालकोटमा डेढ रोपनी जग्गामा तीनतले दुईवटा घर छन् । झापाको पृथ्वीनगरमा १० कठ्ठा जग्गा छ झापाकै दमकमा पनि उनको महल छ । पहिलो पटक मन्त्री हुनुअघि उनीसँग २१ लाख वचत थियो । दोस्रो पटक प्रधानमन्त्री हुँदा उनको खातामा ४१ लख नगद र ४ तोला सुन थपिएको छ । पदमा रहेको पारिश्रमिकलाई हिसाब गर्दा यो अस्वाभाविक देखिन्छ । यो सबै स्वआर्जनबाट भएको उनले उल्लेख गरेका छन् । ओलीले सम्पत्ति कमाउने स्वआर्जनबारे केही खुलाएका छैनन् । स्रोत नखुलेको सम्पत्ति स्वतः अवैध ठहर्छ ।

पर्यटनमन्त्री रवीन्द्र अधिकारीसँग ६० तोला सुन, भौतिक योजना मन्त्री रघुवीर महासेठसँग ५२ तोला, खेलकुद मन्त्री जगतबहादुर सुनारसँग ५० तोला, कानुनमन्त्री शेरबहादुर तामाङसँग ३० तोला, ऊर्जामन्त्री वर्षमान पुनसँग १५ तोला, स्वास्थ्य मन्त्री पदमा अर्यालसँग १५ तोला, अर्थमन्त्री युवराज खतिवडासँग १० तोला, रक्षामन्त्री ईश्वर पोखरेलसँग ८ तोला, प्रधानमन्त्री केपी ओलीसँग १८ तोला सुन रहेको सम्पत्ति विवरणमा उल्लेख छ । तर यी सुनबुढा मन्त्रीहरुले सुन कसरी जोडे भनेर खुलाएका छैनन् । भ्रष्टाचार छानबिन र अनुसन्धान गर्ने अख्तियारी पाएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सुनबुढा मन्त्रीहरुको सम्पत्तिको स्रोतको खोजी गर्न आवश्यक छ ।

गोरे...

न त भुजुङ गुरुङले नै सुनमा लगानीकर्ताको नाम सार्वजनिक गरेका छन् । राष्ट्रकै बेइज्जत भएको सुडान घोटला काण्डमा पनि राजनीतिक तहका भ्रष्टहरु उम्किए र प्रहरी हाकिमहरु मात्रै जाकिए । त्यसबेलाका गृहमन्त्री कृष्णप्रसाद सिटौला, कमिसनका भागिदार तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, तत्कालीन गृहसचिव उमेश मैनाली कारबाहीको दायराभित्र परेनन् । रक्तचन्दनको त्यत्तिकै अवैध कारोबार चल्यो । नाम चलेका माओवादी नेताहरु लगायत सुजाता कोइरालाको समेत संलग्नता भेटिएको समाचारहरु त्यसबेला सार्वजनिक भएका थिए । तर गाडी ड्राइभर मात्र समातिए । अहिले सुन तस्करीले अन्तर्राष्ट्रिय रुपमै देशको बेइज्जत भइरहेको छ । सबै दोष गोरेमाथि थुपारेर राजनीतिक तहका व्यक्तिहरुको संलग्नतालाई लुकाउने प्रयास भइरहेको छ । केही पुलिस अधिकारीहरुले मात्र सुन तस्करीको सञ्जाल सञ्चालन गर्न सक्दैनन् । प्रहरीहरुको मन्त्री गृहमन्त्रीको संलग्नताविना सुनको यति ठूलो कारोबार सम्भव हुँदैन । तत्कालीन गृहमन्त्रीहरु कृष्णबहादुर महरा, जनार्दन शर्मा, शक्ति बस्नेतमाथि सहसचिव ईश्वरीप्रसाद पौडेलको छानबिन समितिले अनुसन्धान गर्न जरुरी छ ।

राष्ट्रपति कि...

विद्या राष्ट्रपतिमा निर्वाचित भइन् । मदन भण्डारीकी विधवा हुनु नै विद्याको राष्ट्रपति बन्ने योग्यताको तत्कालीन एमालेभित्र खासै विरोध भएन । मदन भण्डारीको जनताको बहुदलीय जनवादलाई 'दक्ष प्रजापतिको टाउको' को संज्ञा दिने झलनाथलाई भण्डारीको उत्तराधिकारी ठान्ने ओलीले किन राष्ट्रपति बनाउन पहल गर्थे ? माधव नेपाल महासचिव भइरहँदा ओलीले मदन भण्डारी फाउन्डेसनका रुपमा समानान्तर पार्टी चलाएका थिए । त्यहींबाट माधव गुट ओली गुट अस्तित्व सतहमा देखिएको हो । अहिले माओवादी केन्द्रसँग एकता गरेर एमालेले नेकपाको रुपमा लिएको छ । तर यसभित्र पनि माधव गुट ओली गुट ज्यूँका त्यूँ छ । केन्द्रीय सदस्यहरुको चयनमा यस्तो गुटबन्दी प्रस्टै देखिएको छ । नवौं महाधिवेशनमा पराजित अनुहारलाई नै प्रायशः केन्द्रीय समितिमा ल्याइएको छ । माधव र केपीको कोटाबाट यी हरुवाहरु केन्द्रीय नेतामा दरिएका छन् ।

तत्कालीन अवस्थामा केपीपछि विद्या भण्डारीलाई एमालेको भावी अध्यक्षका रुपमा नहेरिएको होइन । तर जब उनलाई ओलीले राष्ट्रपति बनाए ईश्वर पोखरेलका लागि मैदान खाली गरिएको एमालेवृत्तको बुझाइ थियो । अहिले नेकपा भएपछि अब पोखरेलको नेतृत्वको सम्भावना हराएको छ । अबको महाधिवेशनले पार्टी नेतृत्व प्रचण्डलाई हस्तान्तरण गर्ने निश्चित छ । ओली अस्ताउँदा सूर्य हुन् भनेरै प्रचण्डले पार्टी एकता गरेका हुन् । अब उनी उदाउँदो सूर्य भएका छन् । पाँच वर्ष सरकारको नेतृत्व ओलीले गर्ने र पार्टीको नेतृत्व प्रचण्डले गर्ने कुरा जनार्दन शर्माहरुले सार्वजनिक गरिसकेका छन् । विद्याको दोस्रो कार्यकालका लागि राष्ट्रपति बन्ने रहर पनि ओलीले पूरा गरिदिएका छन् । विद्या एक कम्युनिस्ट नेताकी पत्नी मात्र होइनन्, उनी आफैंलाई कम्युनिस्ट हुँ भन्छिन् । विश्वका प्रथम कम्युनिस्ट मार्क्सकी धर्मपत्नी जेनिफोन वेस्टफालेनको जीवनी विद्याले अवश्य पढेकी हुनुपर्छ । जेनीले बाँच्नका लागि जुन संघर्ष गर्नु पऱ्यो त्यसको अनुभव विद्याले गर्नु परेन । उनी त मदन भण्डारीको विरासतबाट मुलुककै राष्ट्रपति पो बनिन् । 'खुदा दे ते हो तो छप्पर फारके' भनेको सायद यही हो । विद्या भण्डारी राष्ट्रपति भएपछि उनले गणतन्त्र कि महारानी शान देखाउन थालेकी छन् । सरकारको नीति तथा कार्यक्रम वाचन गर्दा संघीय संसद भवन वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वर जाँदा होस् वा शीतल निवास फर्किंदा जसरी सर्वसाधारण नागरिकले घन्टौं दुःख पाए त्यसले ब्रिटिस महारानी भिक्टोरियाको भारत भ्रमणको झझल्को दिन्थ्यो ।

काठमाडौंको धूलो र ट्राफिक जामले हैरान सर्वसाधारण नागरिक आफ्नो गन्तव्यमा पुग्न घन्टौं रोकिनुपऱ्यो, राष्ट्रपतिको सवारीले । सरकारले उनको सवारीलाई महारानीकै सवारीको दर्जा दिनु लोकतन्त्रको उपहास गरिनु हो । विश्वकी प्रथम महिला राष्ट्रपति हुन् अर्जेन्टिनाकी इशावेल पेरेल । अहिले विश्वमा थुप्रै देशमा राष्ट्राध्यक्ष र कार्यकारी प्रमुखको भूमिकामा महिलाहरु छन् । तर तिनले जनतालाई सास्ती दिएको कतै सुनिँदैन । न त तिनले हाम्री राष्ट्रपति विद्याले जस्तो तामझाम नै देखाउने गरेका छन् । युरोपेली संघमै प्रभावशाली भूमिका रहेको जर्मनीको सरकार प्रमुखका रुपमा लामो समयदेखि चान्सलर रहेकी छिन् एन्जिला मार्केल । उनी क्रिश्चियन डेमोक्र्याटिक युनियनकी नेतृ समेत हुन् । उनी जर्मनी जनतामाझ अत्यन्त लोकप्रिय छिन् । कुनै जर्मन नागरिकभन्दा भिन्न रुपमा उनी कहिल्यै प्रस्तुत हुन्नन् । न त जर्मनी जनताले उनको सवारीमा कहिल्यै दुःख पाउनु परेको छ । टाढा जानै पर्दैन, बंगलादेशकी प्रधानमन्त्री शेख हसिना बाजेद कति साधारण वेशभूषामा देखिन्छन् । सेतो पावरदार चस्मा लगाउने उमेरमा कालो सन ग्लास लगाएर फोटोसेसन विद्याझैं गर्दिनन् उनी । सारा कुगोगेल्वा नामिबियाकी प्रधानमन्त्रीको जीवनशैली साधारण नै छ । पोल्यान्डकी प्रधानमन्त्री ब्येटा स्जिड्लो हुन् वा बेलायतकी टेरिजा मे या म्यान्मारकी स्टेट काउन्सिलर आङसाङ सुकी हुन्, यी कसैले पनि आफूलाई आम नागरिकभन्दा फरक ठान्दैनन् । नर्वे जस्तो सम्पन्न देशको प्रधानमन्त्री एर्ना सोलबर्ग नर्वेजियन जनताकी साथी जस्तै छिन् । नामिबियाको राष्ट्राध्यक्षको भूमिकामा रहेकी एलेन जोनसोन, लिथुनियाकी डालिया ग्रिबो स्टाइकी, चिलीकी भेरोनिका मिसेल बेचलेट जेरिया, मौरीससकी आमिनाहा गुरिब, आइसल्यान्डकी हिल्डा होइन, ताइवानकी त्साइइगवेन, इस्टोनियाकी केस्टी काल्जुलेट, क्रोएसियाकी कोलिन्डा ग्राबर, अष्ट्रियाकी डोरिज बुरेस, इस्टोनियाकी फेस्टी काल्जुलेट, माल्टाकी मेरी लुइज जस्ता राष्ट्रपतिहरु आआफ्नो देशका जनतासँग अगाध लगाव राख्छन् । राजनीतिलाई यिनीहरु विशुद्ध जनसेवा ठान्छन् । जनताको दुःखलाई आफ्नो दुःख मान्छन् । सुरक्षाकर्मीहरुका दर्जनौं गाडी सेनाको घोडचढीको बथान अघिपछि दौडाएर राजसी ठाँटमा हाम्री राष्ट्रपति विद्यादेवी भण्डारी जस्तो सवार हुँदैनन् उनीहरु ।

छात्रवृत्ति...

सिफारिस गरेबमोजिम उक्त छात्रवृत्ति प्रदान गरिएको हो । छात्रवृत्ति अन्तर्गत प्रत्येक बालबालिकाले पहिलो ६ महिनाको लागि कापी, कलम, शिशाकलम, मसी, ज्यामिति बक्स, स्कुल ब्याग, एक जोर स्कुल ड्रेस र एक जोर जुत्ता प्राप्त गरेका छन् । त्यसैगरी परीक्षा शुल्कबापत विद्यालयलाई प्रत्येक बालबालिकाले रु. १५०० बुझाउने निर्णय गरिएको छ । उक्त छात्रवृत्ति वितरण कार्य प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले स्थानीय नेता र अभिभावकहरुको उपस्थितिमा एक औपचारिक कार्यक्रम मार्फत गुण्डु र सिपाडोलमा बेग्लाबेग्लै कार्यक्रममाझ गर्नुभएको थियो । छात्रवृत्ति ५ वर्षका लागि भएको र विद्यार्थीहरुले परीक्षा उत्तीर्ण गरेमा आगामी कात्तिक महिनामा यी २० बालबालिकाले एक जोर ट्र्याक सुट र अर्को ६ महिनाको लागि पुनः कापी, कलम, शिशाकलम, मसी प्राप्त गर्ने छन् ।

नेपाल-जर्मन...

जर्मनी अति घनिष्ट मित्र भएको र नेपालको आर्थिक सामाजिक विकासमा योगदान गर्न पाएकोमा खुसी व्यक्त गर्नुभएको थियो ।

जर्मन सरकारले नेपालको विकासमा सहयोग गर्ने भनी ऊर्जा, स्वास्थ्य र साना तथा मझौला उद्योगलाई आफ्नो सहयोगको प्राथमिकताको क्षेत्र तय गरेको जानकारी दिनुभएको थियो । यसै विषयमा द्विपक्षीय वार्ता गर्न जर्मन सरकार टोली पनि राजधानीमा रहेको जानकारी दिँदै सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुने पूर्वसन्ध्यामा यस किसिमको कार्यक्रम आयोजना गर्ने अवसर मिल्नु दुवै पक्षको लागि खुसीको कुरा भएको बताउनुभएको थियो । उक्त अवसरमा नेपाल सरकारको तर्फबाट परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले आफ्नो मन्तव्य राख्दै जर्मनी नेपालको भरपर्दो मित्र भएको कारण दौत्य सम्बन्धको ६० वर्ष पूरा भएको उपलक्ष्यमा यस वर्ष कुनै बेला जर्मन सरकारको उच्च राजनीतिक स्तरबाट नेपालको भ्रमण हुनुपर्ने बताउनुभयो । कार्यक्रममा नेपाल जर्मन एकेडेमिक एसोसियसनका वर्तमान अध्यक्ष सुरेन्द्र ढकाल तथा निवर्तमान अध्यक्ष डा. रोशाना श्रेष्ठ अतिथिको रुपमा आमन्त्रित हुनुहुन्थ्यो । उक्त अवसरमा नेपाल जर्मन ६० वर्षे दौत्य सम्बन्धको लोगो डिजाइनमा प्रथम हुने निलम भुर्तेललाई जर्मन राजदुत सेफरले नगद पुरस्कार प्रदान गर्नुभएको थियो ।

अग्निपीडित...

प्रतिष्ठानले निजको स्थिति गम्भीर भएको देखेर र बैतेश्वर गाउँपालिकाले समेत सहयोगको लागि लिखित सिफारिस गरेकोले प्रतिष्ठानले बस्नेतलाई उक्त सहयोग प्रदान गरेको हो । उक्त रकमको चेक एक सामान्य अनौपचारिक भेटको क्रममा प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले मीनबहादुर शिवाकोटीलाई हस्तान्तरण गर्नुभएको थियो ।

प्रशिक्षक...

मैनालीले विभिन्न मुलुकहरुको उदाहरण दिँदै चीनमा मार्क्सवादको अभ्यास अत्यन्तै सफल रुपमा भएको बताउनुभयो । नेकपा माले पनि नेपालमा सिर्जनात्मक रुपमा मार्क्सवाद प्रयोग गर्ने अभ्यासमा इमानदारितापूर्वक लागिरहेको र यसै सन्दर्भमा नेपाल चिन्तनलाई अगाडि बढाइएको बताउनुभयो । नेकपा मालेले मार्क्सवाद, लेनिनवाद, माओत्सेतुङ विचारधारा र नेपाल चिन्तनको दर्शनलाई अँगालेर अघि बढिरहेको छ । महासचिव मैनालीले नेपाली कम्युनिस्ट आन्दोलनमा सैद्धान्तिक विचलन र नेपाल चिन्तनको प्रतिपादन, वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिका विषयमा प्रशिक्षण दिनुभएको थियो । सातै प्रदेशबाट आएका केन्द्रीय स्तरका नेता, जनवर्गीय संगठनका नेताहरु लगायतलाई प्रशिक्षक बनाएर आआफ्नो कार्यक्षेत्रमा पठाई प्रशिक्षण कार्यक्रमलाई प्रदेश, जिल्ला हुँदै वडा स्तरसम्म पुऱ्याउने उद्देश्यले केन्द्रीय कमिटीले आयोजना गरेको प्रशिक्षण कार्यक्रमको सभापतित्व स्थायी समिति सदस्य तथा पार्टीको शिक्षा विभाग प्रमुख कुमार वेलवासेले गर्नुभएको थियो ।

प्रशिक्षणलाई प्रभावकारी बनाउन विषयगत विज्ञहरुलाई समेत आमन्त्रण गरिएको थियो । पार्टीका प्रशिक्षकहरुमा स्थायी समिति सदस्यहरु कुमार वेलवासे, डम्बर श्रेष्ठ, गोपालमणि गौतम रहनुभएको थियो । पोलिटब्युरो सदस्यहरु खगेन्द्र प्रसाई, निलम केसी, दिनानाथ घिमिरे, भगवती घिमिरेले पनि प्रशिक्षण दिनुभएको थियो ।

आमन्त्रित प्रशिक्षकहरुमा सीमाविद बुद्धिनारायण श्रेष्ठ, वन्यजन्तु तथा पर्यावरणविद डा. मुकेश चालिसे, जलस्रोत विज्ञ प्राध्यापक हरि पण्डितले आआफ्नो विषयमा प्रशिक्षण दिनुभएको थियो । अन्तर्क्रियात्मक शैलीमा सञ्चालन गरिएको प्रशिक्षणपछि सहभागीहरुलाई समेत विभिन्न विषयमा बोल्ने समय दिइएको थियो । कार्यक्रममा पोलिटब्युरो सदस्य कृष्ण रानाको अगुवाइमा अन्तर्राष्ट्रिय गीत प्रस्तुत गरिएको थियो भने सञ्चालन पोलिटब्युरो सदस्य जनक चालिसेले गर्नुभएको थियो । पोलिटब्युरो सदस्यहरु सुरेन्द्र ढकाल, कुमार खाकी श्रेष्ठको पनि प्रशिक्षण कार्यक्रममा सहभागिता रहेको थियो ।